जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ •अंक २७२ • २०८२ साल फाल्गुन १७ गते आइतबार (1 March, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## ८८ उम्मेदवारले खोले खाता




**टुडे समाचारदाता**

जनकपुरधाम। यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत धनुषाको १५४ जना उम्मेदवारमध्ये ८८ उम्मेदवारले मात्रै बैंकमा खाता खोलेका छन्।

निर्वाचन कार्यालय मधेश प्रदेशका कार्यालय प्रमुख रोमबहादुर महतले निर्वाचन आयोगको निर्देशनानुसार प्रत्येक उम्मेदवारले अनिवार्य रूपमा बैंक खाता खोली निर्वाचनसम्बन्धी आम्दानी तथा खर्चको विवरण राख्नुपर्ने व्यवस्था रहे अनुसार ८८ जना उम्मेदवारले खाता खोलेको जानकारी दिए।

यसैबीच जिल्ला आचारसंहिता अनुगमन अधिकृत कृष्ण गैरेले निर्वाचन आचारसंहिता विपरीत विभिन्न स्थानमा राखिएका करिब १ लाख ५० हजार प्रचार सामग्री नियन्त्रणमा लिइएको जानकारी दिए। उनले आचारसंहिताको पूर्ण पालना गर्न सबै राजनीतिक दल, उम्मेदवार तथा सरोकारवालालाई आग्रह गर्दै उल्लंघन गर्नेलाई कानुनबमोजिम कारबाही गरिने चेतावनी दिए।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले प्रतिनिधि सभा सदस्य निर्वाचन निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण बनाउन सम्पूर्ण तयारी पूरा भएको बताए। उनले शान्ति सुरक्षाको पर्याप्त व्यवस्था मिलाइएको उल्लेख गर्दै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिएको बताए।

धनुषामा ६४५ मतदान केन्द्र तथा ३२३ मतदानस्थल तोकिएका छन्। तीमध्ये १९४ मतदानस्थललाई अतिसंवेदनशीलको सूचीमा राखिएको छ। निर्वाचनका लागि ३ हजार ८७५ कर्मचारी परिचालन गरिएको छ भने ४ हजार ५०० म्यादी प्रहरी छनोट गरी परिचालन गरिएको छ।

## पञ्चायतकालीन हस्तीका छोराहरु चुनावी मैदानमा

# 'शेरे धनुषा' का छोरा मनोजलाई चुनौती

**टुडे समाचारदाता**

जनकपुरधाम। यही फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा पञ्चायतकालीन राजनीतिका 'खेलाडी' मध्येका केहीका सन्तान अहिले चुनावी मैदानमा होमिएका छन्।

उनीहरु आफै त निर्वाचनमा सहभागी भएनन्, तर त्यसबेलाका चुनावी 'खेल' मा माहिर मानिने तीन चर्चित नेताका चार सन्तान यसपटक मैदानमा होमिएका छन्।

पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, पूर्वमन्त्री दीपक बोहोरा र हेमबहादुर मल्लका छोराहरु विभिन्न निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार छन्। ती सबै राष्ट्रिय प्रजातन्त्र पार्टीकै तर्फबाट उम्मेदवार बनेका छन्।

धनुषा निर्वाचन क्षेत्र नम्बर १ मा स्व. हेमबहादुर मल्ल दम्पतिसहित निर्वाचित भएपछि उनलाई 'शेरे धनुषा' उपमा दिएका थिए। त्यतिबेला श्रीमान हेमबहादुर मल्ल र श्रीमती शारदा मल्लसमेत पञ्चायतीकामा धनुषामा आफ्नो दबदबा कायम राखेका थिए।

अहिले हेमबहादुर मल्ल दम्पतिका छोरा मनोज मल्ल धनुषा क्षेत्र- १ बाट उम्मेदारी दिएका छन्।

हेमबहादुर मल्ल पञ्चायती चुनावहरुमा प्रभावशाली उम्मेदवारका रुपमा रहन्थे।

नेपालको चुनावी इतिहासमा अहिलेसम्म उनले भन्दा बढी मत ल्याएर कसैले पनि चुनाव जितेको रेकर्ड छैन।

उनले २०४३ को राष्ट्रिय पञ्चायत निर्वाचनमा ९३१४९ मतका साथ जित हासिल गरेका थिए। धनुषाबाट दुईजनाले राष्ट्रिय पञ्चायत सदस्यमा चुनाव जित्नुपर्ने व्यवस्था थियो। हेमबहादुर आफू पनि जित्थे



भने अर्को उम्मेदवारलाई पनि जिताउथे। २०३८ मा पहिलोपटक उनले चुनाव जित्दा देवनारायण यादवले पनि निर्वाचित भएका थिए। त्यस्तै २०४३ मा उनले श्रीमती शारदालाई नै उम्मेदवार बनाएर जिताइन्।

यति बलिया बाबुआमाका छोरा मनोज मल्ल अहिले पार्टीको कमजोर मतका आधारमा धनुषा- १ मा निर्वाचनको मैदानमा उत्रिएका छन्। उनी २०७४ मा त्यही क्षेत्रबाट स्वतन्त्र उम्मेदवार थिए। त्यतिबेला तत्कालीन नेकपा माओवादी केन्दका मातृकाप्रसाद यादवले २६४२८ मतले निर्वाचित हुँदा उनले ३४९२ मत ल्याइ चौथो भएका थिए। फेरि २०७९ मा चुनाव उठेका थिए। राप्रपा उम्मेदवारका रुपमा चुनाव लड्दा ८३७३ मत प्राप्त गरेका थिए। उक्त निर्वाचनमा जसपा नेपालका दीपक कार्कीले २७४३१ मत प्राप्त गर्दा मनोज चौथो नै भएका थिए। यसपटक फेरि उनी पूर्वविजेताहरु नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का मातृकाप्रसाद यादव र जसपाका दीपक कार्कीसहित एमालेका रामचन्द्र मण्डल, नेपाली कांग्रेसका रामपलटन साह र रास्वपाका किशोरी साहसहितकासंग प्रतिस्पर्धामा छन्।

धनुषाको राप्रपाका आधारिक उम्मेदवार मनोज हुँदा हेमबहादुरका भतिज कृष्णप्रताप मल्ल भने यसपटक भूमिकाविहीन अवस्थामा छन्। मनोजकी पत्नी प्रेक्षा राप्रपाकी केन्द्रीय सदस्य छिन्। कृष्णप्रताप भने पहिल्यै सांसद भइसकेका छन्।

त्यस्तै पूर्वप्रधानमन्त्री चन्दका कान्छा छोरा भुपेनबहादुर चन्द बैतडीमा राप्रपाका उम्मेदवार छन्। उनी चन्दका कान्छी पत्नी तर्फका कान्छा छोरा हुन्। कलाकारितासंगै विभिन्न व्यापारमा लागेका उनी केही समय अमेरिका बसेर फर्किएका छन्।

४६ वर्षको उमेरमा उनी पहिलोपटक चुनावी मैदानमा उत्रिएका छन्। बुबाको चुनावी इतिहासलाई मध्यनजर गर्दै भुपेन उम्मेदवार भएका छन्।

यसपटक नेकपा एमालेबाट फेरि दामोदर भण्डारी नै उम्मेदवार छन्। त्यस्तै नेपाली कांग्रेसले पार्टीका जिल्ला सभापति तथा क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दलाई उम्मेदवार बनाएका छन् भने नेपाली कम्युनिष्ट पार्टी(नेकपा) को तर्फबाट प्रमानन्द भट्ट उम्मेदवार छन्।

त्यसैगरि रुपन्देही- १ का राप्रपा उम्मेदवार प्रज्ज्वल बोहोरा र उम्मेदवार रुपन्देही निर्वाचन क्षेत्र नम्बर ३ बाट गौरव बोहोरा उम्मेदवार छन्। उनी दुबै राप्रपा नेता स्व. दीपक बोहोराका छोरा हुन्।

प्रज्ज्वल र गौरवका बुबा दीपक बोहोरा पञ्चायतकालभरि नाम चलेका राजनीतिक 'खेलाडी' मानिन्छन्। उनले पहिलोपटक ३०३८ को राष्ट्रिय पञ्चायतको चुनावमा रुपन्देहीबाट जितेका थिए।

तर पञ्चायतकालीन हस्तीका छोराहरुको जन आधार कमजोर रहेको छ।

## इरानमा अमेरिका-इजरायल आक्रमण

# मध्यपूर्वको तनावप्रति तीन दलको चिन्ता, नेपालीको सुरक्षामा ध्यान दिन सरकारलाई आग्रह



**टुडे समाचारदाता**

जनकपुरधाम। इरानविरुद्ध अमेरिका-ईजरालयलले थालेको युद्धका दौरान दक्षिणी हर्मोजगान प्रान्तको मिनाब सहरमा भएको हवाई हमलामा बालबालिकासहित ५१ जनाभन्दा बढीको मृत्यु भएको छ।

इरानको होर्मोजगान प्रान्तको विद्यालयमाथि गरिएको इजरायली आक्रमणमा परी मारिने विद्यार्थीको संख्या मात्रै २४ पुगेको छ।

दक्षिणी इरानको होर्मोजगान प्रान्तस्थित मिनाब सहरमा रहेको एक बालिका प्राथमिक विद्यालयमा भएको इजरायली आक्रमण परी मर्नेको संख्या २४ पुगेको छ। यससंगै बालबालिकासहित गरी ५१ जनाभन्दा बढीको मृत्यु भएको जनाइएको छ।

इरानको सरकारी सञ्चारमाध्यमले जनाए अनुसार इजरायली सेनाले एक प्राथमिक छात्रा विद्यालयमा आक्रमण गरेको छ। घटनामा ठूलो संख्यामा मानिसहरु घाइते भएका छन्। इरानको मेहर समाचार संस्थाले राजधानी तेहरानमा भएको अर्को आक्रमणमा दुई जना विद्यार्थीको मृत्यु भएको जनाएको छ।

अमेरिका र इजरायलले केवल सैन्य पूर्वाधारलाई मात्रै आक्रमण गरेको दाबी गरे पनि तेहरानमा सर्वसाधारणमाथि पनि आक्रमण भएको अल जजिराका पत्रकार मोहम्मद भालले तेहरानबाट बताएका छन्।

इरानले आफुमाथि भएको आक्रमणको जवाफमा खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य अखडामा प्रत्याक्रमण गरेको छ।

खाडी समन्वय परिषद् (जीसीसी) का ६ सदस्य देशमध्ये ५ वटा देश बहराइन, कुवेत, कतार, साउदी अरेबिया र युएईमा रहेका अमेरिकी सेनाका अखडामा ईरानले आक्रमण गरेको छ।

ओमानमा भने कुनै आक्रमण गरिएको छैन। यसअघि ओमानले ईरान र अमेरिकाबीच वार्ताको पहल गरेको थियो।

इरानको इस्लामिक रिभोलुशनरी गार्ड कर्प्स (आईआरजीसी) ले मध्यपूर्वमा रहेका सबै ईजरायली तथा अमेरिकी सेनाका अखडामा हमला गरिएको जनाएको छ।

इरानले प्रत्याक्रमणका क्रममा मध्यपर्वूमा रहेका इजरायल र अमेरिकी सेनाका अखडाहरुमा ठूलो क्षति पुगेको दाबी गरेको छ। 'ईरानी शक्तिशाली मिसाइलले त्यसलाई तहसनहस पारेको छ,' ईरानको अर्धसैन्य दस्ता ईस्लामिक रिभोलुशनरी गार्ड कर्प्स (आईआरजीसी) ले भनेको छ।

अबुदाबीमा कम्तिमा एक व्यक्ति आक्रमणमा मारिएका छन्। इरानबाट प्रहार भएका धेरैवटा मिसाइलहरुलाई रोक्न सफल भएको युएइको सरकारी समाचार एजेन्सीले जनाएको छ।

बहराईनको मानामास्थित अमेरिकी जलसेनाको फिफ्थ फ्लिटको मुख्यालय नजिक इरानले हमला गरेको छ। बहराइनले यस हमलालाई आफ्नो सार्वभौमसत्ता र सुरक्षामाथिको आक्रमणका रूपमा निन्दा गरेको छ।

यसै क्षेत्रमा कतार र कुवेतले आफ्नो एयर स्पेसमा मिसाइल प्रहार भएको र त्यसलाई सफलतापूर्वक रोकिएको बताएका छन्।

त्यस्तै अमेरिका- इजरायलले इरानका सर्वोच्च नेता अली खामेनाई र राष्ट्रपति मसुद पेजेस्कियनमाथि निशाना साँधेको दाबी ईजरायली सेनाका एक वरिष्ठ अधिकारीले गरेका छन्।

शनिबार गरिएको आक्रमण उनीहरु लक्षित रहेको ती अधिकारीले बताए। उनले फक्स न्युजलाई बताएअनुसार ईरानमा केही साताअघि भएको प्रदर्शनमा दमन गर्नेहरुलाई निशानामा राखिएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समाजिक सञ्जाल ट्रुथमा भिडियो सन्देश जारी गर्दै आत्मसमर्पण गर्न वा मर्न ईरानको सत्तालाई धम्की दिएका छन्। ट्रम्पले अमेरिकी अपरेशनपछि सत्ता हातमा लिन ईरानी जनतालाई पनि आग्रह गरेका छन्।

**नेपालीको सुरक्षामा ध्यान दिन सरकारलाई आग्रह**

मध्यपूर्वमा रहेका नेपालीको सुरक्षामा ध्यान दिन नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले सरकारलाई आग्रह गरेको छ।

अमेरिका-इजरायले इरानमाथि सैन्य आक्रमण गरेपछि त्यसको जवाफमा इरानले पनि मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अखडामा आक्रमण गरेको छ। जसले गर्दा मध्यपूर्वको जनजीवन प्रभावित भएको छ।

त्यसलाई लिएर प्रमुख तीन दलको नेतृत्वले सरकारको ध्यानाकर्षण गराएका छन्। नेपाली कांग्रेस सभापति गगन कुमार थापाले सामाजिक सञ्जालमार्फत मध्यपूर्वको तनावपूर्ण स्थितिले चिन्तति बनाएको जनाएका छन्।

नेपालीको सुरक्षाका लागि ध्यान दिन थापाले सरकारलाई पनि आग्रह गरेका छन्। त्यस्तै, एमालेका अध्यक्ष केपी शर्मा ओलीले मध्यपूर्वको तनावले चिन्तित भएको जनाएका छन्।

मध्यपूर्वमा रहेका नेपालीको सुरक्षाका लागि आवश्यक कदम चाल्न सरकारलाई आग्रह गरे।

त्यस्तै नेपाली कम्युनिष्ट पार्टी(नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मध्यपूर्वको तनावप्रति चिन्ता व्यक्त गरेका छन्। पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक प्रचण्डले भने, 'इरानमाथि अमेरिका र इजरायलबाट भएका आक्रमण तथा त्यसपछि विकसित घटनाहरूले मध्यपूर्व क्षेत्रमा गम्भीर तनाव सिर्जना गरेको छ। यस परिस्थितिप्रति म गहिरो चिन्ता व्यक्त गर्दछु।'

उनले मध्यपूर्वमा रहेका नेपालीको सुरक्षाका लागि कूटनीतिक पहल गर्न सरकारलाई आग्रह गरेका छन्। 'यस स्थितिमा मध्यपूर्वमा कार्यरत लाखौं नेपालीको सुरक्षा हाम्रो प्रमुख प्राथमिकता हो,' प्रचण्डले भनेका छन्, 'विकसित परिस्थितिको प्रत्यक्ष प्रभाव उनीहरूमा पर्न सक्ने भएकाले नेपाल सरकारलाई उच्च सतर्कता अपनाउन, आवश्यक कूटनीतिक पहल गर्न तथा कुनै पनि नेपाली नागरिकको सुरक्षामा आँच आउन नदिन प्रभावकारी व्यवस्था मिलाउन म आग्रह गर्दछु।



# शीर्ष नेताकै सम्पत्ति छानबिन गरेर सुशासन सुरु गर्छौं : उपसभापति शर्मा



गुल्मी । नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले सुशासन स्थापना गर्न पार्टीका शीर्ष नेताकै सम्पत्ति छानबिन सुरु गर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस छत्रकोटले शनिबार गुल्मी क्षेत्र नं १ को चोयगामा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै शर्माले उहाँले सभापति गगनकुमार थापा र पूर्वसभापति शेरबहादुर देउवाको सम्पत्ति छानबिन गरेर सुधारको थालनी गरिने बताउनुभयो ।

"भ्रष्टाचारको आरोप लागेमा जोसुकै नेता भए पनि पार्टी सदस्यताबाट हटाएर कानुनी प्रक्रियालाई सघाउँछौँ, मुद्दा लागेपछि राजनीतिक संरक्षण होइन, कानुनलाई सहयोग गर्ने संस्कार बसाल्छौँ", शर्माले भन्नुभयो । उहाँले कर्मचारी प्रशासनको मनोबल खस्किएको उल्लेख गर्दै इमानदार कर्मचारीलाई काम गर्ने वातावरण बनाइने प्रतिबद्धता जनाउनुभयो । "नागरिकले सबै कागजात लिएर कार्यालय पुग्दा पनि काम नहुने अवस्थाको अन्त्य गर्छौं", उहाँले भन्नुभयो ।

शर्माले कांग्रेस भरपर्दो र पुरानो लोकतान्त्रिक शक्ति भएको दाबी गर्दै २०६४ सालको जस्तो आवेगमा विवेक गुमाउने गल्ती नदोहोऱ्याउन मतदातालाई आग्रह गर्नुभयो । "सिँगो टिम, विज्ञ र योग्य व्यक्तिहरूलाई समेटेर देश हाक्ने क्षमता कांग्रेससँग छ", उहाँले भन्नुभयो । जेनजी युवाहरुले खोजेको परिवर्तनलाई संस्थागत गर्न कांग्रेसले नेतृत्व लिनुपर्ने उहाँको तर्क थियो ।

विदेशमा रहेका नेपाली समुदायलाई पार्टीसँग जोड्नका लागि विशेष पहल गरिने तथा गैरआवासीय नेपालीलाई मतदान अधिकार सुनिश्चित गर्न पहल गरिने शर्माको भनाइ थियो ।

विकास निर्माणमा ढिलासुस्ती अन्त्य गर्न तीन सिफ्टमा काम गर्ने कार्यशैली अपनाइने बताउँदै शर्माले श्रमिक, ठेकेदार र इञ्जिनियरबीच समन्वय गरी समयमै आयोजना सम्पन्न गरिने दाबी गर्नुभयो ।

कार्यक्रममा गुल्मी क्षेत्र नम्बर १ का कांग्रेस उम्मेदवार चन्द्रकान्त भण्डारीले जनताको विश्वास नै आफ्नो मुख्य शक्ति भएको बताउनुभयो । उहाँले आफ्नो क्षेत्रका अधुरा विकासका योजना पूरा गर्ने र युवालाई रोजगारीका अवसर सृजना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।रासस

# पर्साका अधिकांश स्वतन्त्र उम्मेदवार डमी

**टुडे समाचारदाता**

वीरगञ्ज । चुनावको समयावधि नजिकदैं जाँदा पर्सामा चुनावी सरगर्मी उत्कर्षमा पुगेको छ । उम्मेदवारहरु भेला, बैठक र घरदैलोमा व्यस्त देखिएका छन् । तर, जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएका अधिकांश स्वतन्त्र उम्मेदवारहरू भने 'अदृश्य' बनेका छन् ।

मतदान हुन अब ५ दिन मात्र बाँकी रहँदा मतदाताले आफ्ना क्षेत्रका स्वतन्त्र उम्मेदवार को हुन् र उनीहरूको एजेन्डा के हो भन्ने समेत थाहा पाउन सकेका छैनन् । चारवटै निर्वाचन क्षेत्रमा कुल १०७ उम्मेदवारमध्ये ४५ जना स्वतन्त्र छन् । यी ४५ मध्ये औंलामा गन्न सकिने केही जना बाहेक डमी जस्तै देखिएको छ ।

वीरगञ्ज महानगरपालिका वडा नं ३ का मतदाता विनोद साह भन्छन् "दलका उम्मेदवारहरू दिनहुँ आउँछन्, आश्वासन बाँड्छन् । तर स्वतन्त्र उम्मेदवार को हुन्, के चाहन्छन् भन्ने अतोपत्तो छैन । मत माग्नै नआउने कस्ता उम्मेदवार हुन्, बुझ्न सकिएको छैन ।"

पर्सामा धेरैजसो स्वतन्त्र उम्मेदवारहरू वास्तविक प्रतिस्पर्धाका लागि नभई दलका उम्मेदवारको 'डमी' बनेर उभिएका छन् । ठूला दलले चुनावी व्यवस्थापन, थप सवारी साधनको सुविधा, मतदान केन्द्रमा प्रतिनिधि खटाउन र मतगणनाका बेला दाउपेच गर्न आफ्ना निकट व्यक्तिहरूलाई स्वतन्त्र उठाउने रणनीति अपनाएको देखिन्छ । यसले स्वतन्त्र उम्मेदवारीको मर्म र लोकतान्त्रिक मूल्यमाथि नै प्रश्न उठाएको छ ।




यही 'डमी' उम्मेदवारको भीडका बीच स्वतन्त्र उम्मेदवार विशाल कुमार सर्राफ भने भिन्न देखिएका छन् । अन्य स्वतन्त्र उम्मेदवारहरू ओझेलमा परिरहँदा सराफले भने मुख्य राजनीतिक दलका पूर्वजनप्रतिनिधिहरूको असफलतालाई मुख्य एजेन्डा बनाएर आक्रामक घरदैलो गरिरहेका छन् ।

"विगतका जनप्रतिनिधिले काम गर्न नसकेकै कारण आफू मैदानमा उत्रिएको" भन्दै उनले मतदाताको घर-दैलोमा पुगेर मत मागिरहेका छन् । जिल्लाभर चर्चामा रहेका थोरै स्वतन्त्र उम्मेदवारमध्ये उनी एक हुन्, जसले दलका उम्मेदवारलाई चुनौती दिइरहेका देखिन्छन् ।

एक स्वतन्त्र उम्मेदवारले भने, "हामीसँग ठूला दलजस्तो स्रोत र साधन छैन । सीमित बजेटका कारण प्रचारमा देखिन नसकेको हो, तर हामी स-साना समूहमा संवाद गरिरहेका छौं ।"

यद्यपि, विगतको अनुभवले के देखाउँछ भने स्वतन्त्र उम्मेदवारका नाममा दिइने उम्मेदवारी सवारी साधन र निर्वाचन खर्च म्यानेज गर्न दलहरुको कार्यकर्ता रहेको हुन्छ । पर्साका मतदाता यतिबेला अलमलमा छन् । कतै आफूले दिने मत स्वतन्त्रको नाममा कुनै दलको गोटी बनिरहेका 'डमी' उम्मेदवारलाई त जाँदैन ?

# विभिन्न सातवटा अन्तरराष्ट्रिय विमानस्थलमा हवाई उडान रद्द

काठमाण्डु । हवाई उडानमा प्रतिबन्ध लगाइएका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट विभिन्न सातवटा अन्तरराष्ट्रिय विमानस्थलमा हुँदै आएका अन्तरराष्ट्रिय उडान रद्द भएका छन् ।

सारजहा, दोहा, दुबै, कुबेत सिटी, अबुधाबी, कतार तथा दमाम विमानस्थलमा हवाई उडानमा प्रतिबन्ध लगाइएका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट शनिबार दिउँसो र रातिका सबै उडान रद्द गरिएका त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा महाप्रबन्धक टेकनाथ सिटौलाले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "सारजहा, दोहा, दुबै, कुबेतसिटी, अबुधाबी, कतार र कतार विमानस्थलमा हवाई उडानमा प्रतिबन्ध लगाइएकाले नेपालबाट दिउँसो र राति हुने सबै उडान रद्द गरिएका छन् । उडानहरु कहिले खुल्छन् भन्नेबारे अर्को निर्णय भएपछि जानकारी गराइने छ ।"यसैगरी, यात्रुलाई आफ्नो उडानका लागि विमानस्थल जानुभन्दा अगाडि सम्बन्धित वायुसेवा कम्पनीमा सम्पर्क गरेर मात्र जान विमानस्थल कार्यालयले आग्रह गरेको छ ।रासस

# अब बन्ने सरकारले पार्टीका नेताबाट सम्पत्ति शुद्धिकरण सुरु गर्छः सभापति थापा

बरहथवा । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले प्रतिनिधिसभा सदस्य निर्वाचनपछि कांग्रेस नेतृत्वको सरकार बनेमा पार्टी नेताबाट सम्पत्ति शुद्धिकरण सुरु गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

शनिबार सर्लाहीको ईश्वरपुर नगरपालिका-६ स्थित बयलबास बजारमा पार्टीले आयोजना गरेको सभालाई सम्बोधन गर्दै उहाँ २०४६ सालपछि नेता बनेका सबैको सम्पत्ति शुद्धिकरण गर्ने बताउनुभयो । निर्वाचनपछि सुरुमा एउटा अधिकार सम्पन्न र सशक्त आयोग तयार गरेर सबैको सम्पत्ति शुद्धिकरण गर्ने उहाँको भनाइ छ ।

सम्पत्ति शुद्धिकरणको रोलक्रममा आफू आग्रस्थानमा रहेकाले आफ्नो पनि सम्पत्ति शुद्धिकरण गर्ने जनाउँदै सभापति थापाले भष्टाचार निवारण गर्छु भनेर मात्र नहुने धारणा राख्नुभयो । "म प्रधानमन्त्री भएपछि मेरो पहिलो एजेण्डा भनेको देशमा विद्यमान भ्रष्टाचार अन्त्य गर्ने हो । त्यसका लागि पार्टीका पूर्व तथा वर्तमान नेताहरूको सम्पत्ति शुद्धिकरणबाट सुरु हुन्छ । सुरुमा शक्तिशाली आयोग बन्छ, पार्टीका पूर्वसभापति, पार्टीबाट मन्त्री तथा प्रधानमन्त्री भएका सबैको सम्पत्ति शुद्धिकरण गरिने छ", उहाँले भन्नुभयो ।

सभापति थापाले देश बनाउने 'एजेण्डा' बोकेर हिँडेका दल कुनै नयाँ र पुरानो नहुने धारणा राख्दै यसतर्फ आममतदान सचेत भएर मताधिकार प्रयोग गर्न आग्रह गर्नुभयो । उहाँले मतदातालाई संयमित भएर मुलुक, जनता र समाजको हितमा काम गर्नेलाई मत दिने निर्णय गर्न सबैलाई आग्रह गर्नुभयो ।



चुनावको समयमा विभिन्न भ्रामक सूचना र अफवाह फैलिएकाले मतदाताको घरघरमा पुगेर सत्य, तथ्य उजागर गरेर सहयोग गर्न पार्टी नेता, शुभेच्छुलाई चिर्न सभापति थापाले निर्देशन दिनुभयो । उहाँले मधेसको शिक्षा र स्वास्थ्य क्षेत्रको अवस्थाप्रति समेत चिन्ता व्यक्त गर्नुभयो । मधेस प्रदेशमा सर्लाही र रौतहटको शिक्षा र स्वास्थ्य क्षेत्र निकै कमजोर रहेको भन्दै आफूले यसलाई गम्भीर रूपमा लिएको उहाँले बताउनुभयो ।

आफू सर्लाहीको निर्वाचन क्षेत्र नं ४ बाट उम्मेदवार भएकाले यहाँको मात्र विकास हुने हो कि भनेर चिन्ता गर्न नपर्ने भन्दै मुलुक विकास र सुशासन आफ्नो पहिलो प्राथमिकतामा पर्ने सभापति थापाले प्रतिबद्धता जनाउनुभयो । घरदैलोका क्रममा आफूले मधेसको वास्तविक समस्या देखेको बताउँदै उहाँले मधेसका दलित समुदायले झुपडीमा जीवन बिताउनुपर्ने अवस्था अन्त्य गर्ने उल्लेख गर्नुभयो ।

देशले नयाँ परिवर्तन र गति चाहेको भन्दै त्यसका लागि आफू तयार रहेको सभापति थापाले जिकिर गर्नुभयो । "म प्रधानमन्त्री बनेपछि वार्षिक नभई हरेक महिना कार्यसम्पादन र आगामी योजनासहित नागरिकका नाममा सम्बोधन गर्नेछु । मधेसमा ठूलो समस्याका रूपमा रहेको मलखाद, बीउबिजन, सिँचाइ र उत्पादित कृषि उपजको मूल्यका लागि किसानले भौँतारिनु पर्दैन । किसानको एउटा कार्ड लिएर गएपछि सबै समस्या समाधान हुने व्यवस्था तयार गर्छौं", उहाँले भन्नुभयो ।

तीव्र गतिमा देशलाई अगाडि लैजाने, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्यका क्षेत्रमा सुधार, रोजगारीका अवसर पहिचान र कार्यान्वयन आजको आवश्यकता रहेको भन्दै सभापति थापाले कांग्रेसलाई बहुमतसहित विजयी गराइदिन आममतदातासँग अनुरोध गर्नुभयो । कांग्रेस नेतृत्वको सरकार बनेमा पूर्वाधार विकास, शिक्षा, स्वास्थ्यका क्षेत्रमा सुधार, रोजगारी सृजनालगायत क्षेत्रमा योजनाबद्ध काम गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।रासस

# धनुषा क्षेत्र नं. ३ मा रामुपाभित्र मतभेद




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नं. ३ मा राष्ट्रिय मुक्ति पार्टी (रामुपा) भित्र समर्थनको विषयमा आन्तरिक मतभेद सार्वजनिक भएको छ ।

रामुपाका जिल्ला अध्यक्ष राजु चौधरी तथा क्षेत्रीय सभापति दिपक झाले नेपाली कांग्रेसका उम्मेदवार बिमलेन्द्र निधिलाई समर्थन गर्ने निर्णय गरेको सार्वजनिक भएपछि पार्टीभित्रैबाट त्यसको विरोध गरिएको हो ।

क्षेत्रीय उपसभापति रामसुन्दर यादव (नगराइन नगरपालिका) ले जारी गरेको प्रेस विज्ञप्तिमा उक्त समर्थन व्यक्तिगत निर्णय मात्र भएको उल्लेख गर्दै त्यसले पार्टीको संगठनात्मक संरचना र कार्यकर्ताहरूको भावना प्रतिनिधित्व नगर्ने स्पष्ट पारिएको छ ।

विज्ञप्तिमा रामुपाको संगठन हाल नगराइन नगरपालिकामा सीमित रूपमा मात्र सक्रिय रहेको र यसअघि नै अधिकांश नेता तथा कार्यकर्ताहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरिसकेको अवस्था सर्वविदित रहेको उल्लेख गरिएको छ ।

यसै सन्दर्भमा नगराइन नगरपालिका अन्तर्गतका वार्ड नं. १, ३, ४, ५, ७, ८ र ९ का वार्ड अध्यक्षहरू तथा कार्यकर्ताहरूको सामूहिक बैठकले आगामी निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई समर्थन गर्ने निर्णय गरेको जानकारी दिइएको छ ।

"जनताको अपेक्षा, परिवर्तनको चाहना तथा संगठनको वर्तमान यथार्थलाई मध्यनजर गर्दै हामीले रास्वपालाई समर्थन गर्ने निर्णय गरेका हौं," विज्ञप्तिमा उल्लेख गरिएको छ ।

धनुषा क्षेत्र नं. ३ मा निर्वाचन नजिकिँदै जाँदा विभिन्न दल तथा समूहबीच समर्थन र प्रवेशको क्रम तीव्र बन्दै गएको छ ।

# निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन आग्रह

काठमाण्डु । पर्यावरणीय लोकतन्त्रका लागि नागरिक अभियान, नेपालले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन आग्रह गरेको छ । अभियानले शनिबार एक विज्ञप्ति जारी गरी निर्वाचनको 'मौन अवधि' मा आचारसंहिता उल्लङ्घनको जोखिम उच्च रहने विगतको अनुभवलाई दृष्टिगत गर्दै सतर्कता अपनाउन आग्रह गरेको हो ।



यो संस्थाले निर्वाचन आयोगद्वारा जारी 'निर्वाचन आचारसंहिता-२०८२' को पूर्ण पालनाका लागि सबै सरोकार भएका निकायका प्रतिनिधिको ध्यानाकर्षण गराउँदै हालसम्म आचारसंहिताको कार्यान्वयन आधार भूत रूपमा सकारात्मक देखिए पनि पछिल्ला दिनमा उल्लङ्घनका घटनाहरू सार्वजनिक हुनु चिन्ताको विषय बनेको जनाएको छ ।

"भय, त्रास, लोभ र प्रलोभनयुक्त वातावरणमा गरिने निर्वाचनले लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्न सक्दैन", विज्ञप्तिमा भनिएको छ, "निर्वाचनलाई निष्पक्ष र पारदर्शी बनाउनु हामी सबैको साझा जिम्मेवारी हो । यसमा सरोकार भएका सबैले सहकार्य र समन्वय गरी निर्वाचन सम्पन्न गर्न/गराउन सकारात्मक कदम चाल्नु पर्दछ ।"

नागरिक अभियानले सङ्घीय सरकार, राजनीतिक दल, सुरक्षा निकाय, सञ्चारजगत्, निर्वाचन पर्यवेक्षक, उम्मेदवार तथा आममतदातालाई आचारसंहिताको अक्षरशः पालना गर्न हार्दिक आग्रह गरेको छ । अभियानले स्वच्छ निर्वाचन लोकतन्त्रको प्राणवायु भएको उल्लेख गर्दै वातावरणीय र सामाजिक न्यायसहितको लोकतन्त्रका लागि सबैलाई जिम्मेवार बन्न आग्रह गरेको हो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : स्वास्थ्य पनि त्यति भरपर्दो नरहने, नया पेशाको थालनीका लागि पनि आज राम्रो छैन ।
वृष : समय शुभ रहनेछ, आम्दानीका नया स्रोत थपिदै जानेछन् ।
मिथुन : समय मध्यम खालको छ । स्वास्थ्य राम्रो रहने छैन ।
कर्कट : आफन्त व्यक्तिसगै विवाद पर्ने सम्भावना छ । मानसिक चञ्चलपनले पेशागत हानी हुने ।
सिंह : मानसिक चिन्ता बढ्नेछ । तिरस्कार, हिनतावोध, आफ्ना आश्रित कर्मचारी।
कन्या : समय राम्रै छ । मानसिक शान्ति र आराम मिल्ने समय चलिरहेको छ ।
तुला : स्वास्थ्य राम्रो रहनेछ । आम्दानी बढ्ने, व्यापार-व्यवसायमा लाभ ।
वृश्चिक : स्वास्थ्य एक्कासी बिग्रने अवस्था आइपर्ने छ । चिसोले दुःख दिन सक्नेछ ।
धनु : आफूले सोचेका काममा भने जस्तो सफलता पाइने छैन ।
मकर : स्वस्थ्य राम्रो रहनेछ ।आर्थिक लाभ हुने ।
कुम्भ: जुनसुकै काममा विघ्नबाधा ज्यादा हुने ।
मीन : आम्दानीका नयाँ श्रोत देखा पर्दै जानेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पशुचौपायाको गोबरबाट बनाइएको गुइँठा गाउँघरमा खाना पकाउनका लागि इन्धनको रूपमा प्रयोग गरिन्छ। *तस्बिर : रासस*

# चुनावी रन्कोबीच महोत्तरीमा पानीको चिन्ता



महोत्तरी । आसन्न प्रतिनिधिसभा निर्वाचनको प्रचारप्रसार उत्कर्षमा पुगेको छ । जतातत‍ै चुनावी सरगर्मी बढेको छ । मतदानका लागि अब केही दिनमात्र बाँकी रहँदा उम्मेदवार मतदाता भेटघाटमा व्यस्त छन् । तर यसैबीच महोत्तरीका आम सर्वसाधारण भने यसपालि हिउँदे वर्षा नहुँदा चाँडै पानीको सङ्कट पर्नसक्ने चिन्ताले पिरोलिएका छन् । फागुनको तेस्रो साता बितिसक्दासम्म हिउँदे वर्षा नहुँदा किसान र स्थानीय बासिन्दामा चिन्ता थपिएको हो ।

“खै, हिउँद बित्नै लाग्यो, पानी पर्ने छाँट देखिन्न । यो हिउँदमा पानी नपरे बालीनाली मात्र होइन, एकाध महिनाभित्रै खानेपानीकै सङ्कट पर्लाजस्तो छ,” गौशाला नगरपालिका-१ का सुरेन्द्र महतो भन्नुहुन्छ, “हिउँदे वर्षा नभए यहाँका पानीका मुहान चैतमै सुक्ने छन् ।” उहाँका अनुसार केही दिनभित्रै पानी नपरे नयाँ वर्ष २०८३ को सुरुआतमै पानीको हाहाकार हुनसक्छ । विगतमा हिउँदे वर्षा नभएको वर्ष चैतमै खोल्साखोल्सी, जरुवा, नदीका मुहान, इनार र चापाकल सुक्दा खानेपानीको सङ्कट व्यहोर्नुपरेको स्थानीय बासिन्दा सम्झन्छन् । यही चिन्ताले चुनावी उत्साहसमेत जाग्न नसकेको गौशाला-१ कै गणेश महतो बताउनुहुन्छ ।

गाउँ-नगरमा चुनावी प्रचारप्रसार तीव्र भए पनि किसान र सर्वसाधारण त्यसमा रमाउन सकेका छैनन् । हिउँदे वर्षा नहुँदा चैतीबाली राम्रोसँग नफस्टाउने चिन्ता किसानमा छ । “यसपालि पानी नपरी हिउँद बित्दैछ, रवि (चैती) बालीका बोट पानीबेगर ओइलिन थाले”, बर्दिबास-६ किसाननगरका ६५ वर्षीय कुलबहादुर भुजेल भन्नुहुन्छ, “चैत नबित्दै पानीको हाहाकार पर्लाजस्तो छ ।” उहाँका अनुसार पानी नपर्दा उत्तरी भेगका वैशाखी सागसब्जीका बोटसमेत सुक्न थालेका छन् । भुजेलका छिमेकी ७५ वर्षीय जगन्नाथ महतो पनि जग्गा सुक्दै जाँदा सागसब्जी उत्पादनमा असर परेको बताउनुहुन्छ । चुनावी चहलपहल बढे पनि किसानको ध्यान खेतबारीमै छ । “हाम्रा दुःख हामीसँगै छन्, पानीबेगर सुक्दै गएको बाली हेरेर कसरी चुनावले मन तान्ला ?” भुजेलको प्रश्न छ । बर्दिवास-७ मनहरिपुरका ७० वर्षीय किसान विन्देश्वर यादवले पनि सिँगो हिउँद पानी नपरी बित्न लागेकोमा विरक्ति व्यक्त गर्नुभयो । “मजरदै आँपलाई मधुवा रोगबाट जोगाउन वर्षा चाहिन्छ,” उहाँ भन्नुहुन्छ, “तर पानी नपरी गर्मी बढ्न थाल्यो ।” यसले पानीको सङ्कट थप गहिरिने लक्षण देखिएको उहाँको भनाइ छ ।

बर्दिवास-९ पशुपतिनगरका ७० वर्षीय विसुनदेव महतोका अनुसार मौसमको वर्तमान सङ्केतले खडेरीको जोखिम बढाएको छ । गत वर्षको खडेरी सम्झँदै उहाँ यसपालि पानी र अन्न दुवैको सङ्कट आउनसक्ने आशंका व्यक्त गर्नुहुन्छ ।

भारतसँग सीमा जोडिएको दक्षिणी भेगमा पनि अवस्था उस्तै छ । जलेश्वर-५ चौरियाका ७५ वर्षीय किसान रहिमन मण्डल भन्नुहुन्छ, “खेतीपाती अनुकूल भए न खुसी हुन्छ, विरक्तिएको मनमा के चुनावको रमाइलो हुन्छ र ?” उहाँका अनुसार गहुँको बालामा दाना पोटिलो हुन नसकेको र आँपको मञ्जरीमा मधुवा रोगको जोखिम बढेको छ ।

सोनमा-५ का रामप्रताप यादव भन्नुहुन्छ, “चुनावले जीवन बदलिए न चासो हुन्छ । भोट त हालिरहेकै छौँ, तर खेतबारीले न सिँचाइ पायो, न समयमा बीउमल ।” किसानका अनुसार पछिल्ला वर्षमा प्रकृति पनि प्रतिकूल बन्दै गएको छ । भङ्गाहा-४ रामनगरका ८० वर्षीय दीपबहादुर फुँयाल भन्नुहुन्छ, “पहिले हिउँदमा एक पटक पानी परे बालीनालीदेखि गर्मीमा खानेपानीको समस्या हुँदैनथ्यो । अहिले भने हिउँदभरि पानी नपर्दा चैतमै मुहान सुक्न थालेका छन् ।”

हिउँदे वर्षा नहुँदा जमिनमुनिको पानीको सतह गहिरिँदै जानु र स्रोतका मुहान चैतमै सुक्नु यहाँको दीर्घकालीन समस्या बनेको छ । उत्तरी क्षेत्रमा खोल्साखोल्सीको जरुवा पानी र इनार मुख्य स्रोत हुन् भने मध्य तथा दक्षिणी भेगमा चापाकलमा निर्भरता बढी छ ।

चुनावका बेला भोट माग्न आउने उम्मेदवारलाई यी समस्या सुनाइए पनि समाधानप्रति विश्वास जाग्न नसकेको किसान बताउनुहुन्छ । “हामीले भोट दिँदै आएका छौँ, दुःख सुनाएकै हौँ,” गौशाला-४ का रिझन साह भन्नुहुन्छ, “चुनाव नहुँदासम्म आशा हुन्छ, सकिएपछि फेरि जस्ताको त्यस्तै ।”

पाका किसानका अनुसार वन, चुरे क्षेत्र र नदीकिनारमा बढ्दो उत्खनन तथा अतिक्रमणले प्राकृतिक सन्तुलन बिग्रँदा वर्षा चक्र प्रभावित भएको छ । यसपालिको निर्वाचनमा विकासका गफभन्दा प्राकृतिक स्रोत संरक्षण र समुचित प्रयोगबारे ठोस प्रतिबद्धता आवश्यक रहेको बर्दिवास-८ हात्तीलेटका ६० वर्षीय जगदीश काफ्लेको धारणा छ ।रासस

# बजेटमा सुझाव दिन समिति गठन, यस्ता छन् कार्यादेश





काठमाण्डु । अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि आवश्यक प्रक्रिया सुरु गरेको छ । बजेट निर्माणका विभिन्न समयसीमा र निर्धारित कार्यसूचीअनुसार राजस्व परामर्श समिति गठन गरिएको अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिनुभयो ।

सो समितिले सरकारलाई अर्थतन्त्र र आगामी बजेटमा समावेश गर्नुपर्ने विषयमा सुझाव दिनेछ । अर्थमन्त्री रामेश्वरप्रसाद खनालको गत माघ २८ गतेको निर्णयबाट अर्थ मन्त्रालयका सचिव (राजस्व)को संयोजकत्वमा राजस्व परामर्श समिति गठन भई समितिले आफ्नो कार्य प्रारम्भ गरेको छ ।

सो समितिले आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, इ कमर्समा लागाइने कर तथा आर्थिक ऐनबमोजिम लगाइने अन्य आन्तरिक करसम्बन्धी नीतिगत र कानुनी सुधारका विषयमा सुझाव दिनेछ । समितिले कर तथा गैरका दरहरूको पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली सुधार, समग्र राजस्व प्रशासन र सङ्गठन संरचनामा गरिनुपर्ने सुधारका विषयमा राय दिने मन्त्रालयले जनाएको छ ।औद्योगिक प्रवर्द्धन तथा संरक्षण, वाणिज्य, आयात निर्यात तथा वैदेशिक व्यापार, सेवा व्यापार, आपूर्ति व्यवस्थापन तथा लगानी प्रवर्द्धनको लागि गर्नुपर्ने नीतिगत र कानुनी सुधार, प्रक्रियागत सरलीकरण र कर तथा गैर कर प्रोत्साहनसमेतका विषयमा पनि समितिले आवश्यक सुझाव दिनेछ ।

समितिले भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादनलाई भन्सारका दरमार्फत संरक्षण गर्नुपर्ने देखिएमा सोको विश्लेषण, मूल्याङ्कन प्रणालीमा सुधार, प्रक्रिया सरलीकरण, व्यापार सहजीकरण, भन्सारसम्बन्धी ऐन नियममा गर्नुपर्ने सुधार, भन्सारसम्बन्धी प्रशासन र सङ्गठन संरचनामा सुधार सीमा व्यवस्थापनका विषयमा राय दिनेछ ।

यस्तै, राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान, सम्पत्ति शुद्धीकरण अनुसन्धान, विदेशी विनिमय नियमन तथा आर्थिक अपराध नियन्त्रणका लागि गर्नुपर्ने कानुनी एवं सङ्गठनात्मक सुधारका विषयमा आवश्यक राय समितिले दिनेछ ।

कृषि, कृषि उत्पादन तथा व्यवसायीकरण, विद्युत् तथा ऊर्जा, पर्यटन प्रवर्द्धन तथा नागरिक उड्डयन, र प्राकृतिक स्रोतसाधनको संरक्षण एवं व्यवस्थापन सम्बन्धमा गरिनुपर्ने सुधारका बारेमा सरकारलाई समितिले सुझाव दिनेछ ।त्यस्तै, बैंक, वित्तीय संस्था, बिमा, पुँजी बजार, सहकारी, आर्थिक नीति तथा घरजग्गा कारोबार देखिएका समस्या एवं समाधानका उपायका विषयमा सुझाव प्रदान गर्नेगरी समितिको कार्यक्षेत्र तोकिएको छ ।

समितिले सरकारका विभिन्न निकायबाट उठाइने गैर कर राजस्वको क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकनसम्बन्धी विषय र सङ्घ, प्रदेश तथा स्थानीय तहको कर प्रणाली, त्यसमा देखिएका दोहोरोपना, अन्तरसरकारी कर प्रणाली व्यवस्थापन गर्ने विषय, राजस्व बाँडफाँटसम्बन्धी व्यवस्थामा गर्नुपर्ने सुधार र यस क्षेत्रमा भएका समस्या तथा समस्या समाधानका उपायका विषयमा सुझाव प्रदान गर्नेछ ।

समितिको पहिलो बैठकबाट सम्बन्धित निकाय, निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घसंस्था, प्राज्ञिक क्षेत्र, सरोकारवाला निकाय संस्था एवं सर्वसाधारणबाट सुझाव आह्वान गरिएको छ । राजस्व परामर्शका लागि गठन भएका उपसमितिहरूले समितिसमक्ष आगामी चैत मसान्तसम्म र समितिले अर्थमन्त्रीसमक्ष मिति २०८३ वैशाख मसान्तभित्र सिफारिससहितको प्रतिवेदन बुझाउने समयसीमा तोकिएको छ ।रासस

# प्रदेश र स्थानीय तहको अनुदान कटौती गर्न मिल्दैन : वित्त आयोग

काठमाण्डु । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदान कटौती नगर्न केन्द्र सरकारको ध्यानाकर्षण गराएको छ । यही फागुन ११ गतेको आयोगको बैठकले यस्तो निर्णय गरेको हो ।

चालु आर्थिक वर्ष प्रथम छ महिनामा सरकारले लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न नसकेपछि प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गर्ने निर्णय गरेको थियो । महालेखा नियन्त्रक कार्यालयले गत माघ २७ गते सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्तावापतको रकम कटौती गर्न निर्देशन दिएको थियो । साथै





आयोगले वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने अधिकार संविधानअनुसार आफूमा निहीत रहेको स्पष्ट पारेको छ।

“संवैधानिक व्यवस्थामा निहीत अधिकार प्रयोग गरी आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गरी सिफारिस गरेको र उक्त संवैधानिक व्यवस्थाको अधिनमा रही आयोगले गरेको सिफारिस नेपाल सरकारले अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्छ भन्ने आयोगको बुझाइ छ,” निर्णयमा उल्लेख छ । “तसर्थ आर्थिक वर्ष २०८२/८३ का लागि आयोगबाट भएको सिफारिस तथा सङ्घीय संसदबाट पारित बजेटबमोजिम रकम हस्तान्तरण गर्न अर्थ मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराइन्छ ।”

नेपालको संविधानको धारा ६० को उपधारा (३) अनुसार प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण सिफारिस गर्ने व्यवस्था राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा निहीत छ । धारा २५१ को उपधारा (१) को खण्ड (ख) ले पनि सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने अधिकार आयोगलाई दिएको छ ।

यी संवैधानिक व्यवस्थाअनुसार आयोगले सिफारिस गरेअनुसार नै अनुदान उपलब्ध गराउनुपर्ने निष्कर्षमा आयोग पुगेको हो ।

सरकारले भने लक्षित राजस्व सङ्कलन हुन नसक्दा अनुदान कटौती गर्नुपरेको जनाएको छ । “पुस मसान्तसम्म लक्ष्यको तुलनामा ८१ दशमलव ७५ प्रतिशत मात्र राजस्व सङ्कलन भएको र सोही अनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयबाट लेखिआएको छ,” महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा उल्लेख छ ।रासस

# प्राथमिक स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन निर्वाचन आयोगको निर्देशन

काठमाण्डु । निर्वाचन आयोगले यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक पर्न सक्ने प्राथमिक स्वास्थ्य उपचार सेवाका लागि मतदान केन्द्रमा प्राथमिक उपचार सेवा उपलब्ध गराउन निर्देशन दिएको छ ।

यसका लागि अस्पताल तथा स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी तयारी अवस्थामा राख्न आयोगले सरोकार भएकाको ध्यानाकर्षण गराएको हो । फागुन २१ गते १० हजार ९६७ मतदान स्थल र २३ हजार २५५ मतदान केन्द्र (अस्थायी समेत)मा मतदान हुँदैछ । उक्त दिन निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिकलगायतका मतदातालाई आवश्यक पर्न सक्ने प्राथमिक स्वास्थ्य उपचार सेवाका लागि व्यवस्था मिलाउन आयोगले आह्वान गरेको हो ।

निर्वाचनको व्यवस्थापकीयकार्य आयोगबाट स्वीकृत कार्यतालिका बमोजिम निरन्तर जारी रहेको उल्लेख गर्दै आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनमा सबै मतदान केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने मतदातालाई आवश्यक पर्न सक्ने आकस्मिक स्वास्थ्य सेवा सम्बन्धित मतदान स्थलमा उपलब्ध गराउने व्यवस्था मिलाउन निर्देशन दिएको आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

आयोगले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् सबै स्थानीय तहमा आवश्यक सहयोगका लागि लेखी पठाइएको जानकारी उहाँले दिनुभयो । साथै अत्यावश्यक तथा आपतकालीन उपचार सेवा उपलब्ध गराउन सक्नेगरी देशभरका अस्पताल तथा स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी र औषधि तयारी अवस्थामा राख्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएको समेत आयोगले जनाएको छ ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र तथा भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन आयोगले नेपाल सरकारलगायतका सरोकारवाला नियकासँग निरन्तर सहकार्य गर्दै निर्वाचनमा मतदाताको सार्थक सहभागिताका लागि मतदानको दिनभन्दा अघि र पछि गरी तीन दिन सार्वजनिक बिदाका लागि आयोगबाट सिफारिस भए बमोजिम नेपाल सरकारबाट निर्णयसमेत भइसकेको छ ।





मतदानको प्रक्रियालाई व्यवस्थित रूपमा सञ्चालन गर्न/गराउनका लागि तहगत सरकार र सरोकारवालासँगको सहकार्यको अवधारण अनुरुप आयोगले मतदान केन्द्र कायम रहेका शिक्षण संस्था, स्वास्थ्य चौकी, बडा कार्यालयलगायतका सरकारी संरचना र ती सरकारी संरचनामा रहेका भौतिक सम्पत्ति फागुन १९ गते मङ्गलबारदेखि फागुन २१ गते बिहीबारसम्म तीन दिनका लागि उपयोग गर्न सक्नेगरी व्यवस्था मिलाइदिन सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पत्राचार एवम् समन्वयका लागि सरकारलाई अनुरोध गरी गृह मन्त्रालयबाट सम्बन्धित निकायमा पत्राचारसमेत भइसकेको आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

आयोगबाट भएको निर्णय र पत्राचार बमोजिमका आवश्यक सहयोगको व्यवस्था मिलाउन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सबै सरोकारवाला निकायलाई आयोगले आग्रह गरेको उहाँले बताउनुभयो ।

**एक हजार ६१ उजुरी फछ्र्यौट**

जिल्ला आचारसंहिता अनुमगन समिति र अनुगमन अधिकृतसमक्ष कूल एक हजार ७६ उजुरी परेको छ ।निर्वाचन आयोगका अनुसार प्राप्त भएका उजुरीमध्ये एक हजार ६१ अर्थात् ९९ प्रतिशत फछ्र्यौट भएको छ । प्रदेशगत रूपमा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा २४४ उजुरी परेका छन भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ९६ उजुरी परेका छन् ।

प्राप्त उजुरीमध्ये ९७ लिखित र ९७९ टेलिफोन, एसएमएसलगायत अन्य स्रोतबाट प्राप्त भएका थिए । प्राप्त उजुरीमध्ये सबैभन्दा धेरै तोकिएको आकारभन्दा ठूला तुल ब्यानर र झण्डा प्रयोग गरेको रहेको आयोगले जनाएको छ । रासस

# निर्वाचनको दिन यी सवारीसाधनलाई पास आवश्यक पर्दैन: आयोग

काठमाण्डु । निर्वाचन आयोगले निर्वाचनको दिन सम्बन्धित प्रयोगकर्ताले मात्र प्रयोग गर्ने र असम्बन्धित यात्रु नबोक्ने सवारीसाधनलाई पास आवश्यक नपर्ने व्यवस्था मिलाउन सरकारसँग अनुरोध गरेको छ ।

आयोगले शनिबार विज्ञप्ति जारी गर्दै आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदानको दिन (फागुन २१ गते) सवारीसाधन सञ्चालनसम्बन्धी व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित र अत्यावश्यक सेवामैत्री बनाउन ‘सवारीसाधन अनुमतिसम्बन्धी कार्यविधि, २०८२’ को दफा ५ को खण्ड ‘त’, दफा ९ र दफा ११ समेतका आधारमा सरकारसँग अनुरोध गरिएको जनाएको हो ।

निर्वाचनको दिन दमकल, एम्बुलेन्स, शववाहन, खानेपानीका ट्याङ्कर, दूध, फलफूल, तरकारी, माछामासु, पेट्रोलियम पदार्थ बोकेका सवारीसाधन, दूरसञ्चार सेवा, खानेपानी, विद्युत्, ढल मर्मतका लागि प्रयोग हुने, अस्पताल सेवाका सवारीसाधन (अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई घरदेखि अस्पताल र अस्पतालदेखि घरसम्म आवतजावत गर्न) र अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई सेवाका यात्रु बोकेका (विमानस्थलदेखि घर वा होटलसम्म र घर वा होटलदेखि विमानस्थलसम्म) सवारीसाधन पास आवश्यक नपर्ने आयोगले जनाएको छ ।

त्यसैगरी, हिँड्डुल गर्न नसक्ने गर्भवती, सुत्करी, साथमा आफ्नै बच्चा बोकेकी महिला, किरियापुत्री, शारीरिक रूपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँड्डुल गर्न नसक्ने ज्येष्ठ नागरिक वा मतदाता र निजका एक जना सहयोगी बोकेका सवारीसाधन, नम्बर प्लेटमा सिडी उल्लेख भएका कूटनीतिक नियोगका सवारीसाधन, आयोगबाट जारी भएका पर्यवेक्षक परिचयपत्रवाहक पर्यवेक्षणकर्ताले प्रयोग गर्ने सवारीसाधन (सो परिचयपत्रमा उल्लिखित स्थानमा मात्र । रासस



**कृषि ज्ञान केन्द्र**
**सर्लाही, नेपाल**

**ओलको बीउ आपुर्तिका लागि आपुर्तिकर्ताबाट शिलबन्दी दररेट आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/११/१७**

यस कृषि ज्ञान केन्द्र सर्लाहीको चालु आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक ओल/कन्दमुल बाली प्रबर्द्धन कार्यक्रम अन्तर्गत छनौट भएका अनुदानग्राहीहरूलाई ओलको बीउ उपलब्ध गराउन इच्छुक योग्यता पुगेका आपूर्तिकर्ताहरूलाई यस केन्द्रले उपलब्ध गराउने निर्दिष्ट फारम भरी आवश्यक कागजातहरू संलग्न राखि सिलबन्दी प्रस्ताव २१ औ दिन भित्र सिलबन्दी दररेट सहित सूचिकृत हुन निवेदन पेश गर्न सुचित गरिन्छ। विस्तृत सुचना, निर्दिष्ट फारम (BOQ) तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै कार्यालयको वेवसाइट sarlahi.akc.gov.np मा हेर्न सकिन्छ ।

**कार्यालय प्रमुख**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### निर्वाचन सुरक्षाः
# निष्पक्षता र संयमको कडी

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मधेश प्रदेशमा सुरक्षा सतर्कता बढाइनु र गृहमन्त्री स्वयंले स्थलगत अनुगमन गर्नुलाई सकारात्मक रूपमा लिन सकिन्छ । विशेषगरी बारा, पर्सा र रौतहट जस्ता संवेदनशील जिल्लाहरूमा हालैका केही अप्रिय घटना र दुई समुदायबीचको झडपपछि उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै सरकारले देखाएको यो सक्रियता समयसापेक्ष छ । निर्वाचनको सफलता केवल मतदान सम्पन्न हुनुमा मात्र सीमित छैन । यो कति शान्त, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भयो भन्ने कुराले लोकतन्त्रको जरा कति गहिरो छ भन्ने पुष्टि गर्छ । गृहमन्त्री ओमप्रकाश अर्यालले सुरक्षा निकायका प्रमुखहरूसंगको बैठकमा व्यक्त गरेका 'शून्य सहनशीलता' को प्रतिबद्धता कागजमा मात्र सीमित हुनु हुँदैन । मधेशका जिल्लाहरूमा राजनीतिक दलबीचको अस्वस्थ प्रतिस्पर्धा, प्रचार सामग्रीको तोडफोड, र धार्मिक-सामाजिक द्वन्द्वजस्ता चुनौतीहरू विगतदेखि नै देखिँदै आएका छन् । त्यसमाथि खुला सिमाना र आपराधिक समूहको चलखेलले सुरक्षा निकायका लागि थप चुनौती खडा गरेको छ । यस्तो अवस्थामा प्रशासनले ' काखापाखा' नगरी कानुनी शासनको प्रत्याभूति दिलाउनु अपरिहार्य छ । निर्वाचनका क्रममा एउटै समयमा फरक दलका कार्यक्रम नजुधोस् भनी गृहमन्त्रीले दिएको निर्देशनले सम्भावित मुठभेडलाई कम गर्न मद्दत पुऱ्याउने छ । यद्यपि, सुरक्षा व्यवस्था कडा पार्नुको अर्थ नागरिकलाई त्रसित बनाउनु होइन । सुरक्षाकर्मीको भूमिका व्यावसायिक र सहयोगी हुनुपर्छ । राजनीतिक दलहरूले पनि निर्वाचन आचारसंहिताको पालना गर्नु उनीहरूको नैतिक जिम्मेवारी हो । उम्मेदवार र तिनका समर्थकहरूले दण्डहीनताको फाइदा उठाउन खोजेमा प्रशासनले खुट्टा कमाउनु हुँदैन । किसिमको दण्डहीनता र उदण्डता पनि सह्य हुन सक्दैन । निर्वाचन हुन अब मात्रै चार दिन बाँकी छ । निर्वाचनको मुखमा आएर उम्मेदवार र तिनका समर्थकले आफ्नो दल निकटका उम्मेदवारलाई जिताउनका लागि विभिन्न खाले प्रोपागाण्डा गर्ने गर्छ । एल्गोरिदमको दुनियामा वास्तविकता धरातलमै यथार्थ हुन्छ भने हल्लाले जे पनि उडाउन सक्छ । यस्तो अवस्थामा कागले कान लग्यो हो-हल्ला गर्नुभन्दा पनि कान छामेर सचेतता अपनाउनु नै बेस हुन्छ । तथापि निर्वाचन एउटा उत्सव हो । यो उत्सवमा नागरिकले निर्धक्क भएर आफ्नो मताधिकार प्रयोग गर्न पाउनुपर्छ । रौतहट, बारा र पर्साका जिल्ला प्रशासनले मिलाएको सुरक्षा तयारी र गृहमन्त्रीको निर्देशनलाई व्यवहारमा उतार्न सके मात्र निर्वाचनको विश्वसनीयता कायम रहनेछ । अफवाह र भ्रमलाई चिर्दै तोकिएकै मितिमा शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्नु अहिलेको राष्ट्रिय आवश्यकता छ । यसका लागि सरकार, निर्वाचन आयोग, सुरक्षा संयन्त्र र आम नागरिकबीचको बलियो सहकार्य र भाइचारा अपरिहार्य देखिन्छ ।

# मधेशले प्रधानमन्त्री दिने कि मधेशी प्रधानमन्त्री हुने ?



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

आउँदो विहीवार मुलुकमा प्रतिनिधिसभा सदस्यको लागि मतदान हुनेछ । मतदानको दिन नजकिँएकाले चुनावी सरगर्मी चरमोत्कर्षमा पुगेको छ । उम्मेद्वार र कार्यकर्ताहरु घरदैलौंमा पुगेर मतदातालाई रिझाउन सक्रियताका साथ जुटेका छन् । अर्कोतर्फ, निर्वाचन आयोगको निर्वाचनको तयारीपनि अन्तिम चरणमा पुगेको छ । स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन गराउन कडा सुरक्षाको व्यवस्थापनि गरिएको छ । प्रमुख दलहरु चुनावी घोषणापत्रको ठाउँमा मुख्य दलहरु प्रतिबद्धतापत्र र करारपत्र भनेर पार्टीले आगामी निर्वाचनपछि गर्ने कामका सूचि सार्वजनिक गरेका छन् ।

यसपल्ट, सोझैं प्रधानमन्त्री चयनगर्ने शैलीको निर्वाचन भइरहेको अनुभूति भइरहेको छ । कुन पार्टीले बहुमत ल्याउने भन्दा बढी 'मुलुकको प्रधानमन्त्री को हुने ?' प्रश्न नै बढी चर्चा पाएकाले सो किसिमको अनुभूति भएको हो । यसो हुनुको मुख्य कारण एउटा पार्टीले प्रधानमन्त्रीको दावेदार नाम सार्वजनिक गरेपछि आफ्नो दलका नेता मतदाताको नजरमा नपर्ने हो कि भनेर प्रायः दलहरु आ-आफ्ना प्रधानमन्त्रीको अनुहार अगाडि सारेर चुनावी अभियानमा छन् ।

यसअघिका निर्वाचनमा मुख्य दलहरु बहुमत ल्याउने वा ठूलो दल बन्ने घोषणा गर्दथे । प्रधानमन्त्रीको अनुहार देखाएर प्रायः मत माग्ने परिपाटी थिएन् । २०५६ सालको निर्वाचनमा काँग्रेसले पार्टीका पूर्वसभापति एवम् पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई निर्वाचनपछि प्रधानमन्त्री बनाउने घोषणा गरी निर्वाचनमा होमिएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्ना पार्टीका वरिष्ठ नेता वालेन्द्र साहलाई प्रधानमन्त्रीको रुपमा अघि सारेका छन् । त्यसपछि, युवा नेताको रुपमा पहिचान बनाएका काँग्रेसका सभापति गगन थापालाई पार्टीले प्रधानमन्त्रीको दावेदारको रुपमा अघि सार्‍यो । जेन्जी आन्दोलनपछि देशमा अव, युवा नेतालाई नेतृत्व गर्नुपर्ने चर्चा तीव्र रुपमा चलेको छ । गगन थापाले युवा नेताको श्रेणीमा पर्छ । काँग्रेसका सभापतिपनि हुन् । त्योपनि एक महिनाअघि, विशेष अधिवेशन गराएर सभापति भएका हुन् । काँग्रेसका युवा सभापति गगन थापा रास्वपाका वरिष्ठ नेता बालेनपनि युवा हुन् ।

'फलामले फलामलाई काट्छ' भन्ने रणनीति तहत काँग्रेसले युवा नेताको पहिचान बोकेका गगनलाई अघि सारेको बुझिन्छ । गगनलाई प्रधानमन्त्री दावेदारको रुपमा चुनावमा सहभागी भएपछि मतदाता आकर्षित हुने र डा. शेखर कोइरालाको बाटो छेक्न वल पुग्ने कुटनीति देखिन्छ । काँग्रेस केन्द्रीय समितिले 'एक तीरमा दुई शिकार' गर्ने रणनीतिअन्तर्गत गगनकै नेतृत्वमा काँग्रेस निर्वाचनमा सहभागी भएकाले प्रधानमन्त्रीको हकदारपनि 'गगन' नै हुन भन्ने सन्देश दिन खोजिएको देखिन्छ ।

तर, यि दुई प्रधानमन्त्रीको दावेदारको नामको प्रचारप्रसारमा केही भिन्नता छ । राष्ट्रिय स्वतन्त्र पार्टीका अधिकांस क्षेत्रका उम्मेद्वार र कार्यकर्ताहरु बालेनलाई प्रधानमन्त्री बनाउन 'रास्वपाको चुनाव चिह्नमा मत दिनुस भनेर मतदातासँग आग्रह गर्छन् । वालेनको नामको लहर उत्पन्न गरी चुनाव जित्ने रणनीति अपनाएका छन् । भारतमा भारतीय जनता पार्टीले लोकसभा र प्रदेशको निर्वाचनमा नरेन्द्र मोदी नाममा मत माग्ने गर्छन् । सोही किसिमका रणनीति रास्वपाले अङ्गालेको हो । नेकपा (एमाले)ले विधिवत रुपमा प्रधानमन्त्रीको उम्मेद्वार घोषणा गरी चुनावी मैदानमा उत्रेको छैन् । तर, एमालेलाई सरकारको नेतृत्वगर्ने अवसरप्राप्त भयो र ओली निर्वाचित भयो भने उनले नै सरकारको नेतृत्व गर्ने प्रवल सम्भावना छ । काँग्रेस र एमालेका उम्मेद्वारहरु अधिकांस ठाउँमा आफ्ना लागि मत मागिरहेका छन् । जतिखेर, बालेनको चर्चा हुनेगर्छ उतिखेर, काँग्रेसका नेताहरु युवा नेताको रुपमा गगनलाई अघि सार्ने गर्छन् । अहिले गगनको नाम अघि सारिएपनि काँग्रेसको निर्वाचित साँसदहरु लोकतान्त्रिक विधिबाट संसदीय दलको नेताको चयन गर्नेछ । प्रस्तावित नामको सम्बन्धमा सर्वसम्मत वा प्रतिस्पर्धाबाट छनोट हुनेछ ।

### प्रधानमन्त्रीको दावेदार

विधिवत रुपमा तीनजना प्रधानमन्त्रीका उम्मेद्वारको रुपमा देखिएका छन् । मधेश प्रदेशको सर्लाही-४बाट गगन थापा प्रधानमन्त्रीको दावेदार हुन् । यदि, उनी प्रधानमन्त्री भयो भने संविधान जारीपछि मधेश प्रदेशबाट प्रधानमन्त्री हुने पहिलो व्यक्ति हुनेछ । अर्कोतर्फ, गत, माघ-५ गते राष्ट्रिय स्वतन्त्र पार्टीको जनकपुरधामस्थित चुनावी सभामा वालेन शाहले मधेशीको छोरालाई प्रधानमन्त्रीको रुपमा हेर्न चाहन्छु भने रास्वपालाई जिताउन आग्रह गरेको थियो । उनी मधेशी मूलका हुन् । पुख्यौंली घर महोत्तरी जिल्लारहेको र उनी काठमाडौंको मेयरसमेत भइसकेका उनी यतिखेर, झापा-५बाट चुनावी मैदानमा छन् । उनले निवर्तमान प्रधानमन्त्री केपि ओलीसँग प्रतिस्पर्धा गर्दैछन् ।

यि दुई जनामध्ये एक जना निर्वाचित हुने वा दुवैजना पराजित भई तेस्रो व्यक्ति निर्वाचित हुन सक्छन् । ओली पाँचौंपटक प्रधानमन्त्री बन्ने दाउमा छन् । बालेनले उच्च मनोवलका साथ चुनावी मैदानमा छन् । उनी जित्यो भने झापा जिल्लामा नयाँ इतिहास रचिने छ । एकताका राजवंश र झागडको बहुल्यता थियो । महेन्द्र राजमार्गको निर्माणपछि सो जिल्लाको सामाजिक वसोवासमा धेरै परिवर्तन आएको छ । २०४८ सालदेखि २०७९को अवधिसम्म आइपुग्दा झापाबाट मधेशी समुदायका कोहीपनि प्रतिनिधिसभा र संविधानसभामा निर्वाचित भएको छैन् ।

अर्कोतर्फ, सर्लाही-४बाट गगन थापा चुनावी मैदानमा छन् । पहिलोपल्ट, मधेशबाट चुनाव लडेका उनलाई मधेशी समुदायले एक प्रधानमन्त्रीको दावेदारको रुपमा मतदान गर्‍यो भने उनलाई जित्न सहज हुनेछ भन्ने राजनीतिक विश्लेषकहरु आकलन गर्छन् । सो क्षेत्रमा उनलाई अमरेशकुमार सिँह र जसपा नेपालका रामेश्वरराय, यादवसँग प्रतिस्पर्धा हुनेछ । सर्लाही-४बाट गगन थापा निर्वाचित भएन् भने उनको राजनीतिमा गहिँरो धक्का लाग्ने खतरा पनि छ । उनले काठमाडौं-४बाट तीनपटक निर्वाचित भएका हुन् । कहिँलेपनि प्रतिनिधिसभाको निर्वाचनमा पराजित नभएका व्यक्ति पार्टी सभापति बनेपछि चुनावमा पराजित भयो भने विशेष महाधिवेशनको उपलब्धिमाथि पनि गम्भीर प्रश्न उठ्नेछ । २०७९को निर्वाचनमा काँग्रेसले प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ सिट गरी ८९ सिटमा जित हात पारेको थियो । यसपल्ट, गगन थापाले एकसयभन्दा बढी सिट जित्ने घोषणा गरेका छन् । यदि, गगनको नेतृत्वमा काँग्रेसले २०७९ को परिणामको नजिकसम्म पनि पुगेन भने उनको नेतृत्वमाथि प्रश्न उठ्ने छ ।

### विराटनगरलाई पुनः राजनीतिक राजधानी बन्ने ?

विराटनगरबाट मातृकाप्रसाद कोइराला, विपी कोइराला, नगेन्द्रप्रसाद रिजाल, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी र बर्तमान प्रधानमन्त्री सुशीला कार्कीसहित ६ जना प्रधानमन्त्री भएका छन् । यसो त सूर्यबहादुर थापालाई पनि विराटनगरकै प्रधानमन्त्रीको रुपमा हेरिन्छ । प्रजातन्त्रको पुनःस्थापनापछि लामो समयसम्म गिरिजाप्रसाद कोइरालाले पार्टी र सरकारको नेतृत्व गरेका थिए । गिरिजाबावु महत्वपूर्ण घोषणा गर्न प्रायः विराटनगर स्थित कोइराला निवासबाट गर्नु हुन्थ्यो । सो कारणले विराटनगरका सञ्चार क्षेत्रको विशेष महत्व झल्किन्थ्यो । गिरिजाबावु रहुन्जेलसम्म विराटनगर राजनीतिक राजधानीको रुपमा पहिचान कायम थियो । अचेल, काँग्रेसको नेतृत्व र सत्ताको नेतृत्व कोइराला परिवारसँग नरहेको कटु सत्य हो । तर, राष्ट्रिय राजनीतिमा कोइराला परिवारको पकड अहिलेपनि छ । अव, पुनः विराटनगरलाई 'राजनीति राजधानी' बनाउने घोषणा कोइराला परिवारका दोश्रो पुस्ताका नेता डा. शेखर कोइरालाले गरेका हुन् । उनले आफ्ना चुनावी क्षेत्र मोरङ-६मा आयोजित सभामा घोषणा गरेका हुन् । कम बोल्ने र सोचेर बोल्ने नेताको रुपमा पहिचान बनाएका डा. शेखरको सो अभिव्यक्तिले राजनीतिक वृतमा नयाँ तरङ्ग उत्पन्न गरेको छ । काँग्रेस कार्यसमितिले गगन थापालाई प्रधानमन्त्रीको रुपमा घोषणालाई डा. शेखरको चूनौतिको रुपमा पनि व्याख्या हुन थालेको छ । विराटनगरलाई राजनीतिक राजधानी बनाउने सम्बान्धमा डा. शेखरले आफू चुनाव जित्ने सम्बन्धमा विश्वस्त भएपछि गगनलाई चूनौति दिएको हो ? यस विषयमा राजनीतिकवृतमा तर्कवितर्क शुरु छ ।

एउटा कुरा त स्पष्ट छ, यदि, रास्वाले बहुमत ल्याउन सकेन् भने पुनः गठबन्धनको सरकार बन्ने छ । त्यस अवस्थामा काँग्रेस वा एमालेको नेतृत्वमा सरकार बन्ने प्रवल सम्भावना रहन्छ ।

### कोइराला परिवारको विरासत जोगाउने चूनौति

डा. शेखर कोइरालालाई 'कोइराला परिवारको बिँडो' सम्हाल्ने जिम्मेवारी पनि थपिँएको छ । उनी कोइराला परिवारबाट एक्लै चुनावी मैदानमा छन् । निर्वाचनमा पराजय भयो भने पहिलोचोटी कोइराला परिवारविहीन प्रतिनिधिसभा हुनेछ । मुलुकमा प्रजातन्त्रको पुनःस्थापनापछि २०४८, २०५१, २०५६को प्रतिनिधिसभाको निर्वाचनपछि अन्तरिम संविधानमार्फत २०६५ र २०७०को संविधानसभाको निर्वाचन भएको थियो । नयाँ संविधान जारी जारीपछि २०७४ र २०७९को प्रतिनिधिसभाको समेत गरी सातपटक निर्वाचन भएको हो । यि प्रत्येक निर्वाचनमा कोइराला परिवारका सदस्यहरु प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका छन् । २०७४ को निर्वाचन डा. शशाङ्क कोइराला र सुजाता कोइराला साँसद थिइन् । २०७९को निर्वाचनमा डा. शेखर कोइराला र डा. शशाङ्क कोइराला साँसद बनेका थिए । यसपल्ट, काँग्रेसले डा. शशाङ्कलाई उम्मेद्वार बनाएनन् । डा. शशाङ्क लगातार तीनपटक नवलपरासीबाट भारी मतले निर्वाचित भएका हुन् । विपी पुत्र शशाङ्कपनि राष्ट्रिय छविका नेता हुन् । कोइराला परिवारको काँग्रेसमा प्रभाव घटाउने मनसायले उनलाई उम्मेद्वार हुनबाट बञ्चित गरिएको राजनीतिकवृतमा चर्चा छ । डा.शेखरमात्रै कोइराला परिवारबाट चुनावी मैदानमा छन् । उनको चुनावी प्रतिस्पर्धा एमालेको उम्मेद्वार विनोद ढकालसँग हुने देखिन्छ । ढकालपनि राजनीतिमा परिपक्व र लोकप्रिय नेता हुन् । तसर्थ, सो क्षेत्रमा कडा टक्करको सम्भावना छ । कोइराला परिवारको प्रतिनिधिसभा विरासत कायम राख्न डा. शेखरलाई जित्नुपर्ने दवावपनि छ । कोइराला परिवारको राजनीतिक भविष्यको बिँडो डा.शेखरले सम्हाल्ने जिम्मेवारी पनि थपिँएको छ । विराटनगरलाई राजनीतिक राजधानी बनाउन र कोइराला परिवार र काँग्रेसको बिँडो सम्हाल्ने हक दिने कि नदिने मोरङ-६का मतदातामाथि निर्भर गर्दछ ।


### प्रचारको केन्द्रविन्दुमा बालेन

निर्वाचनमा सवैभन्दा बढी चर्चित अनुहार बालेन्द्र साहको देखिन्छ । रास्वपाले उनको नामलाई अगाडि सारेर मत मागिरहेका छन् । अर्कोतर्फ, विपक्षमा नेकपा (एमाले) बढी आक्रोस बालेनमाथि व्यक्त गर्छन् । बालेनको कहाँ कहाँ कमजोरी छ, सोको खोजी गरी उनको विरुद्ध चुनावी प्रचारमा उपयोग गर्छन् । अर्कोतर्फ, मधेशकेन्द्रीत दलहरु सवैभन्दा बढी बालेनको विरोधमा उत्रेका छन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवदेखि लिएर सामान्य कार्यकर्ताहरु बालेनको उग्र रुपमा विरोध गर्छन् । उनलाई 'मधेशी' मान्न पनि तयार नरहेको देखिन्छ । बालेनको उदयले मधेशकेन्द्रीत दलको मत विभाजित हुने खतरा देखिएपछि उनको विरोध उग्ररुपमा हुन थालिएको हो । २०७९को निर्वाचनमा मधेश प्रदेशसँगै अन्य प्रदेशमा पनि मधेशी समुदायको मत रास्वपाले खासै तान्न सकेको थिएन् । यसपल्ट, बालेनको आगमणले मधेशी समुदायको मत सो पार्टीले तान्ने अवस्था सृजना भएको छ ।

### देउवाको मौनता

शेरबहादुर देउवा मौनता ग्रहण गरेका छन् । उनको मौन रहदा काँग्रेसलाई फाईदा कि वेफाईदा भन्ने विषयमा तर्कवितर्क हुनु स्वभाविक छ । काँग्रेस सभापति गगन थापाले देउवा चुनाव प्रचार प्रसारमा सहभागी हुने विषयमा उनले पनि मौनता धारण गरेका हुन् । दुईपटक लगातार महाधिवेशनबाट निर्वाचित सभापति एवम् पाँचपटक प्रधानमन्त्री भएका देउवाको काँग्रेसमा पकड नरहेको सम्झनु काँग्रेसको लागि आत्मघाति हुने खतरापनि छ । देउवा चुनाव प्रचार प्रसारमा सहभागी नभएपनि काँग्रेसले समानजनक जित हात पाऱ्यो भने गगनले यश पाउने छ । देउवा प्रचारमा उत्रेको भए, यस किसिमको सफलता पाउन सक्दैन्थे, उनको प्रति जनतामा आक्रोस छ भने भनाईको पुष्टि हुनेछ । यदि, काँग्रेसको नराम्ररी पराजय भयो भने देउवाले अन्तर्घात गरेको आरोप लाग्नेछ खतरा पनि छ । यसो हेर्दा, दुवै अवस्थामा कतै न कतै अपयश देउवाको टाउको थुप्रिने सम्भावना पनि छ । किनभने, राजनीतिमा दोष अर्कोमाथि लगाउने राजनीतिक संस्कार नै हो । यसो त काँग्रेसमा गुटगत राजनीति स्थापनाकालदेखि नै छ । गुटगत राजनीतिको प्रभाव यसपल्ट नपर्ला भन्न सकिन्न ।

## आर्थिक 'लाइफ लाइन'को शहर वीरगञ्ज :
# उम्मेदवारलाई विकासको स्पष्ट खाका सोध्ने बेला अहिले नै हो !



**अनिल तिवारी**

पाँच वर्षमा एकपटक हुनुपर्ने निर्वाचन तीन वर्षमै दोहोरिँदा राजनीतिक अस्थिरताको सन्देश त दिन्छ नै, तर त्यसभन्दा ठूलो प्रश्न उठाउँछ–देशको आर्थिक मेरुदण्ड मानिने वीरगञ्जको अवस्था किन झन् कमजोर बन्दैछ ? मध्यतराईको केन्द्रबिन्दु र औद्योगिक नगरीका रूपमा परिचित वीरगञ्ज आज पनि आधारभूत पूर्वाधार, सुशासन र दीर्घकालीन विकास योजनाको अभावमा अल्झिएको छ । घरदैलोमा आउने उम्मेदवारसँग अब केवल जात, दल वा भावनाको कुरा होइन, विकासको ठोस खाका माग्ने समय आएको छ ?

वीरगञ्ज चार दशकदेखि 'ग्रेटर वीरगञ्ज' अवधारणा सहित आर्थिक राजधानीको मान्यता माग्दै आएको शहर हो। देशकै राजस्व संकलनमा अग्रणी भूमिका खेलेको यो सहरले संघीय सरकारलाई ४३ प्रतिशतभन्दा बढी राजस्व बुझाउँदै आएको तथ्य सर्वविदित छ । राजधानी काठमाडौंमा पुग्ने झण्डै ७५ प्रतिशत सामग्री यही नाका हुँदै जान्छ । मुलुकको कुल औद्योगिक करमध्ये करिब ४० प्रतिशत हिस्सा वीरगञ्ज क्षेत्रका उद्योगबाट उठ्छ । यस अर्थमा वीरगञ्ज साँच्चै देशको 'लाइफ लाइन' हो । तर विडम्बना, यही शहरका मुख्य सडक( मेनरोड) चार दशकदेखि फराकिला हुन सकेको छैन । ग्रामीण भेगका पुल अधुरा छन्; उद्योगीहरूका लागी लगानिको बातावरण छैन ।जेनजी आन्दोलन पछि लगानी असुरक्षित असुरक्षीत हुने हो कि भन्ने अधिकांसको आशका छ ।

मुलुककै दोस्रो ठूलो रङ्गशाला मानिने नारायणी रङ्गशालाको अवस्था जीर्ण छ। मधेस प्रदेशकै पुरानो र ठूलो अस्पतालका रूपमा रहेको नारायणी अस्पताल लाई केन्द्रिय अस्पताल घोषणा गरिए पनि ५ सय बेडको भवन निर्माण सात वर्षदेखि अलपत्र छ । संघीय सरकारले आर्थिक वर्ष २०७५/७६ मै बजेट छुट्याए पनि ठेक्का विवाद र राजनीतिक वर्चस्वको लडाइँले निर्माण प्रक्रिया अघि बढ्न सकेन । क्षेत्र नम्बर १ का नेताद्वय बिचारी यादव र प्रदिप यादवबीचको प्रतिस्पर्धाले अस्पतालको भविष्य नै अन्योलमा परेको जगजाहेर छ । अहिले तिनै नेता संगै फेरि जनताको घरदैलोमा भोट माग्दै हिँडिरहेका छन्, तर अस्पताल कहिले बन्छ भन्ने स्पष्ट जवाफ छैन ।

झाडु र करिखाई हाँडी चलाएर नेता प्रदीप यादवले वीरगञ्ज महानगरपालिकाको मेयरमा राजेशमान सिंहलाई गत चुनाव जिताए ।मधेस र मधेसीको भावना विपरित पुर्व मेयर बिजय सरावगी एमालेमा गएको आरोप नेता यादवको थियो । मेयर सिंहको सपथग्रहण सभामा महानगरपालिका शिक्षा महाशाखामा भएको भ्रष्टाचारबारे भाषण गरिएको थियो । नवनिर्वाचित महानगर नेतृत्वले अरविन्दलाल कर्णजस्ता भ्रष्टाचारीहरूलाई अबिलम्ब पाखा लगाउने उद्घोष पनि गरियो । तर विडम्बना, कारबाही हुनको सट्टा अरविन्दलाल कर्णलाई नै महानगरपालिकाको कार्यकारी प्रमुखको जिम्मेवारी दिइएको छ ।

नेता यादव र मेयर राजेशमान सिंह दुवै विभिन्न पार्टी हुँदै अन्ततः एमालेमा बिजय सरावगीसंग पुगेका छन् । अब पूर्व र वर्तमान मेयरको कार्यशैलीको विश्लेषण स्थानीय चुनावमा हुने निश्चित छ, र त्यसकै आधारमा एमालेले वीरगञ्जको मेयर उम्मेदवार तय गर्नेछ ।

जेहोस्, वीरगञ्ज महानगरको अवस्था र ब्रह्मलुट जगजाहेरै छ । अघिल्लो चुनाव जिताउन सयौं युवालाई झुक्याउँदै 'खडा नियुक्ति र खडा अवकाश' गरिएको आरोप लाग्दै आएको छ । तर अहिले पनि दर्जनौ युवा महानगरमा जागीरे छन ।बेतलबी जागीर भएपनि उनीहरुको आमदानी उठती-पुठतीकै आधारीत भएको बताइन्छ ।

पर्साका नापी, मालपोत र यातायात कार्यालयझैं महानगरपालिकामा पनि स्वयंसेवक कर्मचारीको भारमार छ, जसले महानगरको कामकाजमा सेवा प्रदान गर्दै आएका छन् ।

त्यसैगरी एशियाली विकास बैंक, शहरी विकास मन्त्रालय र महानगरपालिकाको संयुक्त लगानीमा करिब २७ करोड लागतमा बनेको फोहोर पानी प्रशोधन केन्द्र सञ्चालन विहीन जस्तै छ । वाटर वेस्टेज ट्रिटमेन्ट प्लान्टमा माछापालन भइरहेको दृश्यले योजनाको प्रभावकारिता माथि प्रश्न उठाएको छ । श्रीसिया नदी प्रदूषणमुक्त बनाउने वाचा चुनावी भाषणमै सीमित छ ।श्रीसिया नदि प्रदूषणमुक्त गराउन उधोगको अगाडि फोहर फालने महानगरका सबै ढल श्रीसिया नदिमै मिसिएर बगाउदै आएको छ ।

यता वीरगञ्ज महानगरपालिकामा सुशासनको अवस्था पनि चिन्ताजनक छ । महालेखा परीक्षक कार्यालयको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा १ करोड ५१ लाख रुपैयाँभन्दा बढी रकम प्रमाणबिना खाना-खाजामा खर्च गरिएको उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ ले आन्तरिक आयको परिधिभित्र औचित्यका आधारमा मात्र खर्च गर्नुपर्ने व्यवस्था गरेको छ, तर त्यसको उल्लंघन भएको देखिन्छ। महानगरमा स्वयमसेवक कर्मचारीको भार, 'खडा नियुक्ति-खडा अवकाश' जस्ता अभ्यास र राजनीतिक भागबण्डाले प्रशासनिक संरचना कमजोर बनेको आरोप छ। 'वैभव वीरगञ्ज'को नारा आकर्षक भए पनि कार्यान्वयन फितलो भएको जनगुनासो बढ्दो छ।



शिक्षा र कृषि क्षेत्र पनि उत्तिकै समस्याग्रस्त छन्। सामुदायिक विद्यालयमा दरबन्दीअनुसार शिक्षक छैनन्, विषयगत शिक्षकको अभाव कायमै छ। शैक्षिक गुणस्तर उकास्ने दीर्घकालीन योजना देखिँदैन। किसानले समयमा मल नपाउने समस्या वर्षौंदेखि दोहोरिँदै आएको छ। उद्योगीहरू निर्धक्क लगानी गर्न नसक्ने अवस्था छ, जसले रोजगारी सृजनामा अवरोध पुऱ्याएको छ।

सीमा सुरक्षा र तस्करीको समस्या झन् गम्भीर छ। वीरगञ्ज-रक्सौल नाकामा सर्वसाधारणले आधा किलोमिटर क्षेत्रमा आधा दर्जनभन्दा बढी चेकजाँच पार गर्नुपर्छ। शसस्त्र प्रहरी, जनपथ प्रहरी र भारतीय एसएसबीको कडा निगरानीबीच पनि नुनदेखि सुनसम्मको तस्करी भइरहेको खबर बेलाबेला सार्वजनिक हुन्छ। भित्री बजार र गोदामबाट करोडौंका अवैध सामग्री बरामद हुन्छन्, तर सीमा नाकामा खटिने सुरक्षाकर्मीमाथि कडा कारबाहीको उदाहरण विरलै देखिन्छ। साधारण नागरिकलाई सास्ती, तस्करलाई मस्ती–यो विरोधाभासबारे उम्मेदवारको स्पष्ट धारणा किन छैन ?

नेपाल-भारत मूल प्रवेशद्वारका रूपमा रहेको वीरगञ्जमा औद्योगिक कर, भन्सार राजस्व र आयात-निर्यातको चाप अत्यधिक छ। तर शहरको ट्राफिक व्यवस्थापन अस्तव्यस्त छ, मुख्य सडक विस्तार अन्योलमा छ, र सार्वजनिक यातायात व्यवस्थापन कमजोर छ। आर्थिक राजधानीको दाबी गर्ने शहरमा आधारभूत पूर्वाधारको यस्तो हालत हुनु विडम्बनापूर्ण छ।

अब प्रश्न उठ्छ–यो चुनावमा विकास किन मुख्य एजेन्डा बन्न सकेको छैन ? जातीय समीकरण, दलगत आरोप-प्रत्यारोप र व्यक्तिवादी प्रतिस्पर्धाबीच वीरगञ्जको दीर्घकालीन आर्थिक खाका हराएको छ। ग्रेटर वीरगञ्ज, औद्योगिक करिडोर विस्तार, विशेष आर्थिक क्षेत्र, हरित शहर योजना, प्रदूषण नियन्त्रण, डिजिटल प्रशासन, शिक्षा-स्वास्थ्य सुधार–यी सबै विषय चुनावी बहसको केन्द्रमा आउनुपर्ने होइन र ?

वीरगञ्जले दुई सांसदको भविष्य निर्धारण गर्दैछ। 'जेन-जी'को चेतनापछि भइरहेको यो निर्वाचनले नयाँ राजनीतिक संस्कारको संकेत दिनुपर्छ। अब मतदाताले उम्मेदवारसँग सोध्नुपर्छ–

**नारायणी अस्पतालको निर्माण कहिले सम्पन्न हुन्छ ?**
**मुख्य सडक फराकिलो गर्ने ठोस समयरेखा के हो ?**
**तस्करी नियन्त्रण र सीमा व्यवस्थापनमा तपाईंको योजना के छ ?**
**उद्योगी-व्यवसायीलाई सुरक्षित वातावरण कसरी दिने ?**
**महानगरमा पारदर्शिता र वित्तीय अनुशासन कसरी सुनिश्चित गर्ने ?**

वीरगञ्ज केवल एउटा निर्वाचन क्षेत्र होइन, समग्र राष्ट्रको आर्थिक धड्कन हो। यहाँको स्थायित्व, सुशासन र विकासले देशको अर्थतन्त्रलाई प्रत्यक्ष असर गर्छ। त्यसैले भावनात्मक नाराभन्दा माथि उठेर तथ्य, योजना र समयसीमा माग्ने बेला यही हो।

हामी पर्सावासीले उम्मेदवारलाई अब स्पष्ट रूपमा भन्नुपर्छ–भोट माग्नुअघि विकासको खाका देखाउनुस्। आर्थिक राजधानीको सपना केवल भाषणमा होइन, व्यवहारमा उतार्ने प्रतिबद्धता दिनुस्। वीरगञ्जको भविष्य केवल नेताको भाग्यसँग होइन, हाम्रो सचेत प्रश्नसँग पनि जोडिएको छ।

# मतदाताका मुद्दा: भ्रष्टाचार नियन्त्रण र रोजगारी




काठमाण्डु । कागेश्वरी मनोहरा नगरपालिकाको भवन अगाडिको बिसौनीमा भेटिए, शिव सिम्खडा, शिव पराजुली र इन्द्र श्रेष्ठ । हामीले उहाँहरुसँग आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबारे कुरा गर्न खोज्यौँ ।

कुराकानीका क्रममा उहाँहरुले अहिलेसम्म कसलाई मत दिने भन्नेमा निर्णय नगरिसकेको बताउनुभयो । तर उहाँहरुबीच भ्रष्टाचार नियन्त्रण र रोजगारी सृजना गर्नसक्नेलाई मत दिनेमा भने एकमत देखियो । प्रचारप्रसारको समय सकिँदै गर्दा यहाँ आउने राजनीतिक दल र उम्मेदवार पनि पातलिन थालेका छन् । तर आक्कलझुक्कल चुनावी गीत र केही झण्डा भने देखिन्छन् ।

विसं २००७ को निर्वाचनको अनुभव भएका ८५ वर्षीया सिम्खडा आफूले २०१५ सालको निर्वाचनदेखि लगातार मत दान गर्दै आएको बताउनुभयो । उहाँका परिवारका अधिकांश सदस्य विभिन्न कारणले विदेशिएका छन । सिम्खडा भन्नुहुन्छ, “रोजगारीका लागि विदेशिन पर्ने बाध्यता नबनोस्, हामी मत व्यक्तिको अनुहार मात्र हेरेर हाल्दैनौँ । सङ्गठन र सिद्धान्तले संसद्मा काम गर्न सहज हुन्छ, यद्यपि नयाँ आएका अनुहारसँग पनि उत्तिकै अपेक्षा छ ।”

सिम्खडासँगै बसिरहनुभएका पराजुलीले पहिलो पटक २०४८ सालको निर्वाचनमा मत हाल्नुभएको हो । उहाँले आफूले उम्मेदवारले ल्याएको एजेण्डाका आधारमा भोट हाल्न तयार भए पनि अहिलेसम्म कुनै उम्मेदवारको घोषणापत्र आफ्नो हातमा पर्न नसकेको सुनाउनुहुन्छ ।

“यसअघि निर्वाचित जनप्रतिनिधिको भूमिकासँग सन्तुष्ट छैनौँ, काम गरेका पनि छैनन”, पराजुली भन्नुहुन्छ, “व्यावहारिक र प्राविधिक शिक्षा प्राथमिकता हो । पढ्ने एक काम अर्को गुर्नपर्ने बाध्यता छ । अब विद्यार्थीको अध्ययन र उसले भविष्यमा अपनाउने पेसाबीच तालमेल मिलाउनुसँगै स्वरोजगार बनाउन पनि प्राविधिक शिक्षाको आवश्यकता छ ।”

उहाँले आफूले अहिलेसम्म राजनीतिक दलको घोषणापत्र पढ्न नपाएको बताउनुभयो । “घोषणापत्रमा देखाउनका लागि मात्रै एजेण्डाहरु ल्याएर पुग्दैन नि । भिजन के हो हेर्नै पर्‍यो । जसको कुरा गर्विलो हुन्छ, उसैलाई मत दिने हो”, उहाँले भन्नुभयो ।

पराजुलीले सङ्गठनभित्रै पनि नयाँ पुस्तालाई विश्वास गर्नुपर्ने बताइरहँदा ६९ वर्षीया इन्द्र श्रेष्ठले नयाँ दल एवं नेतृत्वमाथिको अपेक्षा सुनाउनुहुन्छ । “नयाँ पुस्तालाई नै दिने हो । अन्य भूमिकामा अब्बल साबित भइसकेका राजनीतिमा प्रवेश गर्ने उम्मेदवारलाई किन कम आक्ने ?”, श्रेष्ठ भन्नुहुन्छ ।

कागेश्वरी नगरपालिकाबाट झण्डै तीन किलोमिटर पर अघि बढ्दै गर्दा बस्तीहरु पातलिदै जान्छन् । खेतीयोग्य फाँटहरु देखिन थाल्छन्, अनि शङ्खरापुर नगरपालिका प्रवेश हुन्छ । यस नगरपालिकाको वडा ९ का मतदाताहरु कृषक र कृषि प्रथामितकतामा राख्ने उम्मेदवार रोज्न चाहन्छन् । साँखुको सांस्कृतिक सम्पदा, रोजगारी र शिक्षा उहाँहरुको प्राथमिकता भएको उहाँहरुबीचमै भइरहेको संवादका क्रममा सुनिन्छ ।

यो वडामा लामो समयदेखि किराना व्यापार गर्दै आउनुभएकी ३६ वर्षीया शान्ति खड्काले भन्नुभयो, “छोराछोरी रोजगारीका लागि विदेशीन नपरोस । हाम्रा छोराछोरीको भविष्य चाहि केही बन्ला भन्ने आशाले मत हाल्छौ ।” कक्षा ११ मा अध्ययनरत छोरीको भविष्य देशभित्रै फस्टाएको हेर्ने उहाँको चाहना छ ।

खड्काले यस क्षेत्रका कृषि उत्पादनलाई बजारको आवश्यकता स्मरण गराउँदै भन्नुभयो, “स्थानीय उत्पादनका लागि बजार व्यवस्थापन हुनुपर्यो । यसपटक स्थानीय उम्मेदवारलाई मत दिन्छु । यसअघि निर्वाचित हुनुभएको नेताहरुले अपनत्व ग्रहण नगर्दा किसानका समस्या समाधान नभएको उहाँका गुनासो छ । कमसेकम चुनावपछि हाम्रो घरदैलोमा फर्केर आउनेलाई मत हाल्छु ।”

हामीले कुरा गरिरहँदा सोही स्थानकी ५० वर्षीया भवारी बास्कोटा संवादमा जोडिनुभयो । “देशै रित्तो हुने भइसक्यो ! यहाँ देशमा बूढाबूढी मात्र बाँकी रहने भइसक्यौँ । सन्तान नभएकाको नि सुरक्षा हुनुपर्‍यो । उनीहरुको गाँस बास र कपासको व्यवस्था हुनुपर्यो । भोक र पैसा नहुँदा उपचारको अभावले मर्न नपरोस”, बास्कोटाले भन्नुभयो ।

सोही वडाका स्थानीय ४३ वर्षीय नारायण खड्का, ५६ वर्षीया नातिराम खड्का र ६२ वर्षीया माधव श्रेष्ठले कृषिसँगै धर्म संस्कृति र समाज बुझ्ने नेतृत्व आफूहरुले चाहेको बताउनुहुन्छ ।

उहाँहरुले राजनीतिक स्थिरता, विकास निर्माण, भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रशासनिक सेवामा सुधारका आवश्यकता उत्तिकै प्राथमिकतामा रहेको बताउनुहुन्छ । किसानलाई मलबीउको सहज उपलब्धता र कृषि योग्य भूमिको व्यवस्थापनका लागि अब बन्ने सरकार र जनप्रतिनिधिले विशेष ध्यान केन्द्रित गर्नुपर्ने उहाँको चाहना छ ।

“घोषणापत्रमा एउटा भन्छन् काम गर्दा अर्कै गर्छन । घोषणापत्र हेरेर मत कसरी दिनु ?”, ५६ वर्षीय खड्का भन्नुहुन्छ, “हाम्रो शङ्करापुर यो नगरपालिका किसानहरु बढी छौँ । यहाँका किसानले उत्पादन गरेका आलु, दूध जस्ता उत्पादनले बजार पाउन मुस्किल छ । पटकपटक नयाँनयाँ सांसद पठायो । तर किसानको समस्या उही छ ।”

काठमाडौँ निर्वाचन क्षेत्र नम्बर दुईमा कूल २८ जना उम्मेदवार चुनावी मैदानमा छन् । तीमध्ये १६ जना विभिन्न राजनीतिक दलका र १२ जना स्वतन्त्र उम्मेदवार छन् ।

नेकपा (एमाले)बाट मणिराम फुयाँल, नेपाली कांग्रेसबाट कविर शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट सुनील केसी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट कुन्ती देवी पोखरेल हुनुहुन्छ ।

यस्तै, नेपाल मजदुर किसान पार्टीबाट शर्मिला माली, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट बाल चन्द्र श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी(संयुक्त)का उपेन्द्र कार्की, राष्ट्रिय परिवर्तन पार्टीका अनुप बोहरा, जय मातृभूमि पार्टीका आनन्द सिम्खडा, नेपाल कम्युनिष्ट पार्टी(माओवादी)का प्रकाश बुढाथोकी, उज्यालो नेपाल पार्टीका पवन पोखरेल, त्रिमुल नेपालका कृष्णबहादुर खत्री, राष्ट्रिय मुक्ति पार्टी नेपाल(एकल चुनाव चिह्न)का नर्वदाकुमारी भट्टराई र आमजनता पार्टी (एकल चुनाव चिह्न)का तिलकबहादुर मगर हुनुहुन्छ ।

यस्तै, स्वतन्त्रतर्फ अर्जुन ढुंगाना, इरा श्रेष्ठ, टपबहादुर थापा, तिर्थ राज पौडेल, विश्वास बस्नेत, मञ्जु लामा, राजकुमार श्रेष्ठ, रुपक बस्ताकोटी, रुपक सिम्खडा, वीरेन्द्रकुमार साह, सीता तिवारी र त्रिलोकबहादुर चन्द उम्मेदवार हुनुहुन्छ ।

कूल उम्मेदवारमध्ये २२ जना पुरुष र छ जना महिला छन् । दलतर्फबाट तीन र स्वतन्त्रतर्फबाट तीन जना महिला उम्मेदवार रहेका छन् । समावेशिताका आधारमा ७५ प्रतिशत उम्मेदवार खस आर्य, २१.४३ प्रतिशत आदिवासी जनजाति र ३.५७ प्रतिशत मधेसी समुदायका छन् । यस क्षेत्रका कूल मतदाता ८८ हजार ७०८ छन् । तीमध्ये ४३ हजार ३९३ पुरुष र ४५ हजार ३१५ महिला मतदाता रहेका छन् । महिला मतदाताको हिस्सा ५१.०८ प्रतिशत छ । ४० मतदानस्थल र १०० मतदान केन्द्र तोकिएका छन् ।रासस

# निर्वाचनको तयारी अन्तिम चरणमा



काठमाण्डु । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचनका लागि मतपत्र, मतपेटिका तथा निर्वाचन सामग्री सबै जिल्लामा पुऱ्याइसकिएको छ ।

पहाडी र हिमाली जिल्लाका मतदान केन्द्रमा खटिइने मतदान अधिकृतले आवश्यक निर्वाचन सामग्री बुझबुझारथ गरी कार्यक्षेत्रतर्फ लागि सकेका छन् भने तराई-मधेस र सहरी जिल्लामा भने मतदान अधिकृतको अनुशिक्षण भइरहेको छ ।

“दुर्गम जिल्लाका मतदान केन्द्रमा आवश्यक सामग्रीसहित कर्मचारी खटिइसकेका छन्”, निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले भन्नुभयो, “आसन्न निर्वाचनको प्राथमिकता जिल्लाबाट निर्वाचन क्षेत्रतर्फ सरेको छ ।” आयोगका तर्फबाट जिल्लामा सम्पादन हुने काममा सहजीकरण भइरहेको जनाउँदै उहाँले आज पनि अधिकांश जिल्लामा मतदान अधिकृतका लागि तालिम सञ्चालन भइरहेका बताउनुभयो ।

मतदान केन्द्र रहेका विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयलगायत भौतिक संरचना मतदान कार्यमा उपयोग गर्नका लागि उपलब्ध गराइदिन सङ्घीय सरकार र सम्बन्धित स्थानीय तहलाई अनुरोध गरिसकिएको पनि उहाँले बताउनुभयो । निर्वाचन सुरक्षा, अत्यावश्यक सेवाको सञ्चालन र सहजीकरण, निर्वाचन र मतदान प्रक्रियामा समन्वय र व्यवस्थापनका क्षेत्रमा आवश्यक निर्णय आयोगबाट भइसकेको छ ।

यसैबीच, राससका चितवन समाचारदाताका अनुसार तीनवटै निर्वाचन अधिकृतको कार्यालयमा आवश्यक सामग्री पठाइएको छ । यही फागुन १८ गते बिहानदेखि ती सामग्री मतदान अधिकृतले बुझेर लैजानेछन् । मतदानमा खटिने कर्मचारी छनोट, मतदान अधिकृत र सहायक अधिकृतलाई अभिमुखीकरणको कार्यक्रम सम्पन्न भइसकेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीले जानकारी दिनुभयो ।

चितवनका ४९४ मतदान केन्द्रमा मतदान अधिकृत, सहायक अधिकृत र अन्य कर्मचारी गरेर दुई हजार ९६४ जना कर्मचारी खटिने छन् । चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न चारवटै सुरक्षा निकाय परिचालित भएको जानकारी दिनुभयो ।

**पैसठ्ठी राजनीतिक दल चुनावी प्रतिस्पर्धामा**

निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।रासस


धनौजी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

प्रकाशन मितिः २०८२/११/१७

यस कार्यालयबाट मिति २०८२/०८/२८ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार e–GP मार्फत रितपूर्वक पेश हुन आएका बोलपत्रहरुमध्ये न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्रहरु स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | स्वीकृतिको लागि छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.क र पि.एस.सहित) |
|---|---|---|---|---|
| 1. | DRM/NCB/ WORKS/ 01- 2082/83 | Basudev Ma Bi 2 talle 4 kothe RCC Bhawan Nirman | Shanti Construction Janakpur-15 | 63,62,337.24 |
| 2. | DRM/NCB/ WORKS/ 02-2082/83 | Shankar Ma Bi Dhanaujiko adhuro 2ta RCC Bhawan Nirman | Welcome Construction Bhangha-08 | 44,22,401.12 |
| 3. | DRM/NCB/ WORKS/ 03-2082/83 | Rastriya Aa Bi Goth toleko adhuro RCC block Bhawan Nirman | Subodh Nirman Sewa, Hathiyol-05 | 32,44,825.62 |
| 4. | DRM/NCB/ WORKS/ 04-2082/83 | Solwi Kawariko ghar dekhi Ranjitko ghar hudai Janki Thakurko ghar ra Kesiya Mandalko ghar samma Nala Nirman | Nidhi Construction- Mahalaxmi Construction JV, Janakpur-04 | 37,64,282.43 |
| 5. | DRM/NCB/ WORKS/ 05-2082/83 | Dhanauji Tolema bibhinna batoma Nala Nirman | Subodh Nirman Sewa, Hathiyol-05 | 28,57,406.15 |

प्रमुख प्रशासकीय अधिकृत


# निर्वाचनको वातावरण सकारात्मक र शान्तिपूर्ण छः पर्यवेक्षक संस्थाहरू



काठमाण्डु । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका चारवटा पर्यवेक्षक संस्थाले सम्पूर्ण तयारी र सुरक्षाका हिसाबले निर्वाचनको वातावरण सकारात्मक र शान्तिपूर्ण देखिएको जनाएका छन् ।

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक), गैरसरकारी संस्था महासङ्घ नेपाल (गैसस) र निर्वाचन पर्यवेक्षक समिति नेपाल (इओक)ले शनिबार पत्रकार सम्मेलनमार्फत सिङ्गो देश निर्वाचन उत्सवका लागि तयार रहेको जनाएका हुन् ।

ती संस्थाद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, “राजनीतिक दल र उम्मेदवारका तर्फबाट निर्वाचन प्रचार-प्रसार उल्लासपूर्ण रूपमा सञ्चालन भइरहेको छ ।”देश निर्वाचन उत्सवका लागि तयार भएसँगै मतदाता पनि देश-विदेशबाट आ-आफ्नो मतदान केन्द्र पुग्ने क्रम चलिरहेको जनाउँदै पर्यवेक्षक संस्थाहरूले निर्वाचन लोकतान्त्रिक प्रणालीको आधारस्तम्भ भएकाले यसलाई सफल तुल्याउन आह्वान गरेका छन् । नियोकका अध्यक्ष डा गोपालकृष्ण शिवाकोटी, जियोक महासविच कृष्णमान प्रधान, महासङ्घका अध्यक्ष अर्जुन भट्टराई र इओक अध्यक्ष श्रीकृष्ण सुवेदीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, “हामी सबै जुटौँ, ऐतिहासिक निर्वाचन उत्सवलाई सफल पारौँ ।”

उहाँहरूले यही फागुन २१ मा हुने निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउनु सबैको साझा जिम्मेवारी भएकाले उत्साहपूर्वक सहभागी हुन र आ-आफ्नो सहयोग पुऱ्याउन अपिल गर्नुभएको छ ।रासस


**MITHILA MUNICIPALITY**
**Office of the Municipal Executive**
**Dhalkewar, Dhanusha**

**Invitation for Electronic Bids**

Date of publication: 2082/11/17

Office of the Municipal Executive, Mithila Municipality, Dhalkewar, Dhanusha Invites Electronic bids from eligible bidders for following works:

| Contract No./ID | Description of Works | Estimated amount of works (NRs.) | Bid security Amount (NRs.) | Bid Document fee (NRs.) | Bidding Procedure | Remarks |
|---|---|---|---|---|---|---|
| MM/SQ/Works/ 03/2082/83 | motor kharid tatha jadan | 258,423.00 (Excluding VAT & contingencies) | 7,000.00 | 1000 | Sealed quotation | Re-Bid 2nd notice |
| MM/SQ/Works/ 04/2082/083 | Adhuro ward no :-1 ko ward karyalaya bhawan sampanna | 864,577.76 (Excluding VAT & contingencies) | 25,000.00 | 1000 | Sealed quotation | Re-Bid 2nd notice |
| MM/SQ/Works/ 05/2082/83 | Overhead tanki nirman | 821,097.85 (Excluding VAT & contingencies) | 25,000.00 | 1000 | Sealed quotation | Re-Bid 2nd notice |
| MM/SQ/Works/ 06/2082/83 | construction of adhuro nala nirman ward no 02. | 1,729,861.03 ( Excluding VAT & contingencies) | 55,000.00 | 1000 | Sealed quotation | Bid 1st notice |
| MM/SQ/Works/ 07/2082/083 | Construction of rato sichaiko mulkuloma culvert nirman | 953,028.45( Excluding VAT & contingencies) | 25,000.00 | 1000 | Sealed quotation | Bid 1st notice |
| MM/NCB/Works/ 08/2082/83 | Construction janata ma. Bidhyalayako gherabera Nirman ward no:- 02 | 3998175.41 (Including VAT, PS & contingencies) | 100,000.00 | 3000 | NCB | Bid 1st notice |
| MM/NCB/Works/ 09/2082/83 | Construction Mithila sagar pokhariya saundaryakaran minapa-07 and pokhariyama rheko Mandir starunnati vada no-07 | 3999916.14 (Including VAT, PS & contingencies) | 100,000.00 | 3000 | NCB | Bid 1st notice |

For further detail please visit PPMO's website www.bolpatra.gov.np/egp.

# इरानमाथि अमेरिका–इजरेलको संयुक्त हमलाबारे हामीलाई केके थाहा छ

बीबीसी

काठमाण्डु । अमेरिका र इजरेलले इरानविरुद्ध हमला गरेका छन्।अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले यसलाई "महत्त्वपूर्ण सैन्य कारबाही" भन्दै इरानी सरकारी फौजलाई आफ्ना हतियार विसाउन भनेका छन्।इरानले हमला गर्न सक्ने भन्दै इजरेलविरुद्धको खतरा हटाउन आफूले पहिला हमला गरेको इजरेली रक्षा मन्त्रालयले जनाएको छायसअघि इजरेलका रक्षामन्त्री इजरेल क्याट्जले इरानबाट हुनसक्ने भन्दै "पूर्वप्रतिरक्षात्मक आक्रमण" गरिएको बिहानै एक विज्ञप्ति मार्फत् उल्लेख गरेका थिए।

इरानले पनि इजरेलमाथि आक्रमण सुरु गरेको इजरेल डिफेन्स फोर्सेज आईडीएफले जनाएको छ। रक्षामन्त्री क्याट्जले देशमा "विशेष तथा स्थायी सङ्कटकाल"को घोषणा गरिएको जनाएका छन्। इजरेलभरि हवाई हमलाबारे सावधानी अपनाउन साइरन बजाइएको छ। इरान वरपरका क्षेत्रमा तनाव चुलिँदै गर्दा अनि आसपासका इलाकामा अमेरिकी फौज एकत्रित भइरहेको बेला पछिल्लो आक्रमण भएको छ।



तेहरानले उसको परमाणु कार्यक्रम अन्त्य गर्न राजी नभए त्यहाँ आक्रमण गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पले धम्की दिँदै आएका थिए। इरानका सरकारी सञ्चारमाध्यमहरूले स्थानीय समय अनुसार बिहान ९ बजेर ३० मिनेट जाँदा राजधानी तेहरानमा कैयन् ठूल्ठूला विस्फोट भएका विवरण दिएका छन्। बीबीसीले हेरेका तस्बिरहरूमा त्यहाँ धुवाँ निस्किरहेको देख्न सकिन्छ।हालसम्म मानवीय र भौतिक क्षतिको यकिन विवरण थाहा हुन सकेको छैन।तस्निम समाचार संस्थाका अनुसार इरानको हवाई क्षेत्र आक्रमण लगत्तैबाट बन्द भएको छ।

ट्रम्पले आक्रमणलाई "व्यापक र निरन्तर " भनेका छन्। इजरेलको सेना इजरेल डिफेन्स फोर्सेज (आईडीएफ)ले इजरेलतर्फ इरानबाट क्षेप्यास्त्र प्रहारको पहिचान भएको र तिनलाई बीचैमा रोकिएको बताएको छ।

इजरेलका हाइफा र अन्य केही स्थानमा विस्फोटका आवाज सुनिएका छन्। ती आवाज क्षेप्यास्त्र प्रतिरोधका कारण वा अन्य कुनै कारण आएका हुन् भन्ने प्रष्ट छैन।बहरेनमा रहेको अमेरिकी जलसेनाका साधनमा पनि आक्रमण भएको त्यहाँको समाचार संस्थाले जनाएको छ।इजरेलमा सार्वजनिक स्थानहरूमा भेला नहुन र विद्यालयरू बन्द गर्न भनिएको छ।इजरेली सञ्चार माध्यमका अनुसार देशमा गैर सैनिक उडानहरू बन्द गरिएका छन्। आठ महिना अघि दुई देशबीच १२ दिनसम्म युद्ध चलेको थियो।

गत वर्षको जुनमा इजरेलले अकस्मात् हमला गर्दै इरानको सैन्य तथा परमाणुस्थलहरूमा बमबारी गरेको थियो भने वरिष्ठ सैन्य अधिकारी तथा परमाणु वैज्ञानिकहरूलाई मारिदिएको थियो।प्रतिक्रियास्वरूप इरानले इजरेलतर्फ सयौँ क्षेप्यास्त्र तथा ड्रोनले आक्रमण गरेको थियो।त्यतिबेला अमेरिकाले पनि एक दिन इरानमा हमला गरेको थियो। भूमिगत परमाणु केन्द्रहरूमा उसले बमबारी गरेको थियो र लगत्तै युद्धविरामका निम्ति दबाव दिएको थियो।

इजरेल र इरानबीच दशकौँदेखि वैमनस्यता रहँदै आएको छ। मध्यपूर्वभरी इजरेलविरुद्ध सक्रिय कतिपय सशस्त्र समूहहरूलाई इरानले समर्थन गर्दै आएको छ। यसअघि अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानको परमाणु कार्यक्रमबारे पछिल्ला वार्ताप्रति आफू खुसी नभएको बताएका थिए।यसअघि इरानमाथि आक्रमणको चेतावनी दिएका ट्रम्पले आक्रमण गर्ने वा नगर्ने बारे आफूले अझै निर्णय भने नलिएको प्रतिक्रिया दिएका थिए।

"उनीहरूले हामीलाई चाहिएको कुरा दिन नखोजेबाट म खुसी छैन। त्यसकारण म उत्साहित छैन," बिहीवार जिनिभामा भएको वार्ता कुनै सम्झौतामा नपुगि टुङ्गिएपछि पहिलो पटक प्रतिक्रिया दिँदै ट्रम्पले भनेका थिए।

अमेरिकी राष्ट्रपतिले इरानविरुद्ध सैन्य बल प्रयोग गर्ने आफ्नो चाहना नरहेको बताए। तर कहिलेकाहीँ त्यसो "गर्नुपर्ने हुन्छ" उनले थपे। इरानमाथि अमेरिकी आक्रमण हुन सक्ने सम्भावनाको चिन्ताबीच शुक्रवार मात्रै धेरै देशहरूले त्यस क्षेत्रमा रहेका आफ्ना नागरिकहरूलाई सजग रहन भनेका थिए।यूकेले तेहरानस्थित आफ्नो दूतावासबाट कर्मचारीहरूलाई केही समयमा लागि शुक्रवारै फिर्ता बोलाएको थियो।यूकेले इजरेलका लागि नयाँ ट्राभल एड्भाइजरी जारी गर्दै "अति आवश्यक बाहेक यात्रा नगर्न" भनेको छ।

चीन, भारत र क्यानडा लगायतका देशहरूले भिडन्तको सम्भावनालाई मध्यनजर गर्दै आफ्ना नागरिकहरूलाई सकेसम्म चाँडो इरान छोड्न आग्रह गरेका छन्।जर्मनीले इजरेल भ्रमण नगर्न "अति जरुरी" सूचना जारी गरेको छ। फ्रान्सले पनि इजरेल नजान आफ्नो सुझाव दोहोऱ्याएको छ। संयुक्त राज्य अमेरिकाले इरानमा रहेका आफ्ना नागरिकहरूलाई "तत्काल" बाहिर जान भनेको छ। र इजरेलमा पनि अमेरिकी दूतावासले आकस्मिक बाहेकका कर्मचारी र उनीहरूका परिवारलाई उडानहरू उपलब्ध भएसम्म देश बाहिर जान भनेको छ।

सन् २००३ मा अमेरिकाको नेतृत्वमा इराकमाथि भएको आक्रमणयता मध्यपूर्वमा सबैभन्दा ठूलो सामर्थ्यमा अमेरिकी सैनिक इरान वरपर जम्मा भएका छन्।इरानले कुनै पनि आक्रमणको कडा जवाफ दिने चेतावनी दिएका कारण इजरेलले इरानमाथि आक्रमण गरेसँगै मध्यपूर्व क्षेत्रभरि त्रास फैलने आशङ्काहरू गरिएका छन्।

इरानमा भएका हमलामा अमेरिका सामेल भएको ट्रम्पको भनाइ, 'क्षेप्यास्त्र उद्योग' ध्वस्त पारिदिने धम्की

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इजरेलले इरानमा गरेको हमलामा अमेरिका पनि सामेल भएको पुष्टि गरेका छन्।उनले सामाजिक सञ्जाल ट्रुथ सोसलमा राखेको आठ मिनेट लामो भिडिओमार्फत् त्यसो भनेका हुन्। अमेरिकाले 'महत्त्वपूर्ण युद्ध कारबाही' थालेको उनले बताएका छन्।उनले भनेका छन् - अमेरिकाले "बारम्बार सहमति गर्न खोजेको थियो। हामीले निकै प्रयास गऱ्यौँ"

उनले भने, "हामी उनीहरूको क्षेप्यास्त्र नष्ट पारिदिन्छौँ र उनीहरूको क्षेप्यास्त्र उद्योग ध्वस्त पारिदिन्छौँ। त्यो पूरै नष्ट हुनेछ।" यसअघि इजरेली तथा अमेरिकी सञ्चारमाध्यमहरूले इजरेलले अमेरिकासँग समन्वय गरेर इरानमाथि हमला गरेको जनाएका थिए।सीएनएनले अमेरिकासँगको समन्वयमा इजरेलले हमला गरेको उल्लेख गरेको थियो। इजरेलको वाइनेट न्यूजले पनि त्यसै भनेको थियो। इरानका सञ्चारमाध्यमहरूले त्यहाँका विभिन्न सहरहरूमा विस्फोटन भएका सुनिएको जनाएका छन्। फार्स समाचार एजेन्सीले इस्फाहान, कोम, कराज र केर्मानशाह सहरहरूमा विस्फोटनका आवाज सुनिएको जनाएको छ।

राजधानी तेहरानको युनिभर्सिटी स्ट्रीट तथा रिपब्लिक इलाकाहरूमा कैयन् क्षेप्यास्त्रहरू प्रहार भएको सो समाचार संस्थाले जनाएको छ।इस्लामिक रिपब्लिक न्यूज एजेन्सीका अनुसार पनि तेहरानका दुईवटा ठाउँमा विस्फोटन भएको सुनिएको छ। सहरको मध्ये भागमा आकासमा धूवाँको मुस्लो देखिएको उसले जनाएको छ। इजरेलको सेना इजरेल डिफेन्स फोर्स (आईडिएफ)ले इरानले इजरेलतर्फ क्षेप्यास्त्र प्रहार गरेको बताएको छ।

एक विज्ञप्ति जारी गर्दै आईडिएफले भनेको छः "इरानले इजरेललाई लक्षित गर्दै क्षेप्यास्त्र प्रहार गरेको पहिचान हुनासाथ देशभरि विभिन्न क्षेत्रहरूमा साइरन बजाइएको छ।"

इजरेली हवाई सेनाले ती इरानी क्षेप्यास्त्र रोक्न तथा अन्य खतरामा प्रहार गर्न काम थालेको उसले बताएको छ। इजरेलले उसको हवाई क्षेत्र नागरिक उडानहरूका निम्ति बन्द गरिदिएको छ।शनिवार बिहान इरानमा हमला गरेपछि हवाई क्षेत्र बन्द गरिएको इजरेली सञ्चार माध्यमहरूले बताएका छन्।इरानको इस्लामिक रिभोल्युसनरी गार्ड कोरसँग जोडिएको तस्नीम न्यूज एजेन्सीले इरानको हवाई क्षेत्र पनि निषेधित गरिएको उल्लेख गरेको छ।

'कडा प्रतिक्रिया जनाउने' इरानको चेतावनीका माझ कतारको दोहा अनि अन्य स्थानमा विस्फोटनको आवाज

कतारको सरकारी सञ्चारमाध्यमका अनुसार त्यहाँको रक्षा मन्त्रालयले "देशको भूभाग लक्षित कैयन् हमलाको सफलतापूर्वक प्रतिरोध गरिएको" जनाएको छ।एकजना कतारी अधिकारीले एएफपी समाचार संस्थासँग बोल्दै अमेरिकी प्याट्रिअट क्षेप्यास्त्रले एक इरानी क्षेप्यास्त्र खसाएको बताए।

कतारमा उक्त क्षेत्रकै सबभन्दा ठूलो अमेरिकी सैन्य अखडा अल उदैद हवाई अखडा रहेको छ।दोहाबाट संवाददाता बार्बरा प्लेट अशरले उक्त अखडा निसानामा पारिएको देखिएको जनाएकी छन्।कुनै क्षति नपुगेको त्यहाँको आन्तरिक मामिला मन्त्रालयले जनाएको बताइएको छ। मानिसहरूको फोनमा घरभित्रै रहन आपत्कालीन सन्देशहरू आइरहेको अशरले जनाएकी छन्।संयुक्त अरब इमिरेट्स (युएई), बाहरेन र कुवेतमा पनि विस्फोटनहरू सुनिएको उनले बताइन्।

युएईको सरकारी सञ्चार माध्यमका अनुसार इरानी क्षेप्यास्त्रहरू प्रतिरोध गरिएपछि खसेका टुक्राटाक्री लागेर एकजनाको ज्यान गएको छ। त्यहाँको रक्षा मन्त्रालयले ती व्यक्ति एसियाली मूलको भएको भनेको छ। थप पहिचान खुलाइएको छैन। बाहरेनमा पनि अमेरिकी नौसैनिक अखडामा क्षेप्यास्त्र प्रहार भएको जनाइएको छ। त्यहाँ यूएस फिफ्थ फ्लीटको मुख्यालय छ।

आफूमाथि आक्रमण भए सो क्षेत्रमा रहेका अमेरिकी अखडाहरूमा प्रहार गरिने इरानले चेतावनी दिँदै आएको थियो। इरानको विदेश मन्त्रालयले अमेरिका र इजरेलको हमला गर्ने 'नियत' रहेको बारे आफूहरू जानकार हुँदा हुँदै पनि वार्तामा बसेको बताएको छ।"इरान र अमेरिकासँग कूटनीतिक प्रक्रियामा रहेकै बेला" आक्रमण भएको उसले भनेको छ।इरान र अमेरिकाबीचको तेस्रो चरणको अप्रत्यक्ष वार्ता जिनिभामा फेब्रुअरी २६ मा सम्पन्न भएको थियो।

गत वर्षको मे महिनामा पनि ती दुई देशले पाँच चरणमा वार्ता गरेका थिए। छैटौं चरणको वार्ता चाहिँ जुनमा इजरेलले इरानमा आक्रमण गरेपछि रद्द भएको थियो।त्यसपछि १२ दिन सम्म चलेको युद्धका बेला अमेरिकाले इरानका तीनवटा महत्त्वपूर्ण परमाणु केन्द्रहरूमा बमबारी गरेको थियो। इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषदले अमेरिका र इजरेलको संयुक्त हवाई हमलापश्चात् 'कडा प्रतिक्रिया' जनाइने वाचा गरेको छ।"फेरि एकपटक वार्ताकै दौरान" हमला गरिएको उसले बताएको छ।सो परिषदले इरानको फौजले बदलाको कारबाही थालिसकेको बताएको छ।

तेहरान तथा अन्य सहरहरूमा अमेरिकी तथा इजरेलको हमला जारी रहन सक्ने भन्दै उसले नागरिकहरूलाई "शान्त रहन" र सम्भव भएसम्म सुरक्षित ठाउँमा जान भनेको छ।समाजलाई आवश्यक पर्ने सामग्रीको जोहो सरकारले गरिसकेको उसले बताएको छ।त्यहाँ स्कूल तथा विश्वविद्यालयहरू अर्को सूचना नआएसम्म बन्द गरिने भएको छ। ब्याङ्कको सेवा जारी रहने तथा सरकारी कार्यालय आधा क्षमतामा चल्ने बताइएको छ।

# जलालाबादमा पाकिस्तानी जेट खसालियो, पाइलट पक्राउ

एएफपी

जलालाबाद ।अफगानिस्तान र पाकिस्तानबीच चर्किँदै गएको सैन्य तनावबीच शनिबार जलालाबाद सहरमा एक पाकिस्तानी लडाकू जेट खसालिएको र त्यसका पाइलटलाई जीवित अवस्थामा नियन्त्रणमा लिइएको अफगान सुरक्षा निकायहरूले जनाएका छन् । घटनाले दुई देशबीचको द्वन्द्व थप गहिरिएको सङ्केत गरेको छ ।

प्रहरी प्रवक्ता तैयब हम्मादका अनुसार जलालाबाद सहरको प्रशासनिक क्षेत्र नम्बर ६ मा उडिरहेको पाकिस्तानी लडाकू जेटलाई गोली हानी खसालिएको थियो । "जेट खसालिएपछि पाइलटलाई जिउँदै समातिएको छ", उहाँले भन्नुभयो । पूर्वी अफगानिस्तानस्थित सेनाका प्रवक्ता वाहिदुल्लाह मोहम्मदीले पनि अफगान सेनाले जेट खसालेको र पाइलटलाई नियन्त्रणमा लिएको पुष्टि गर्नुभयो ।

एएफपीका एक पत्रकारले जेटको तीव्र आवाज जलालाबादमाथि सुनिएको र त्यसपछि सहरको विमानस्थलतर्फबाट दुईवटा शक्तिशाली विस्फोटको आवाज आएको बताएका छन् । घटनास्थल वरपर सुरक्षा व्यवस्था कडा पारिएको छ । यस विषयमा प्रतिक्रिया माग्दा पाकिस्तानको सेना र सूचना मन्त्रालयले तत्काल कुनै टिप्पणी दिएका छैनन् । पछिल्लो समय सीमा क्षेत्रमा बढ्दो झडप र हवाई कारबाहीले दुवै देशबीचको सम्बन्ध तनावपूर्ण बनेको छ ।

यसअघि पाकिस्तानले शुक्रबार अफगानिस्तानको राजधानी काबुल तथा दक्षिणी सहर कान्दाहारमा हवाई आक्रमण गरेको थियो । कान्दाहार तालिबान सर्वोच्च नेता हिबतुल्ला अखुन्दजादाको आधार क्षेत्र मानिन्छ । अफगान पक्षका अनुसार बिहीबार राति अफगान सेनाले पाकिस्तानविरुद्ध सीमा क्षेत्रमा कारबाही सुरु गरेपछि हवाई आक्रमण भएको हो । तालिबान सरकारले भने उक्त कदमलाई अफगान भूमिमा पहिले गरिएको पाकिस्तानी आक्रमणको प्रतिउत्तर भएको बताएको छ । नयाँ घटनाक्रमले क्षेत्रीय सुरक्षामा थप अनिश्चितता ल्याएको छ र दुवै पक्षबीचको सैन्य गतिविधि अझै बढ्न सक्ने सङ्केत गरेको छ ।

**तीन सयभन्दा बढी अफगान सैनिक मारिए : पाकिस्तान -**

यसैबीच पाकिस्तानले अफगानिस्तानभित्र एक दिन लामो तोपखाना र हवाई कारबाहीमा ३०० भन्दा बढी अफगान सैनिक मारिएको दाबी गरेको इस्लामाबादबाट एपीले जनाएको छ । बढ्दो सीमा द्वन्द्वबीच शनिबार सार्वजनिक गरिएको सरकारी विवरणअनुसार अफगान सैन्य चौकीहरू र प्रतिष्ठानहरूमा व्यापक क्षति पुऱ्याइएको बताइएको छ ।

सूचनामन्त्री अत्ताउल्लाह तारारका अनुसार ३३१ भन्दा बढी अफगान तालिबान लडाकु मारिएका र ५०० भन्दा बढी घाइते भएका छन् । पाकिस्तानले १०२ अफगान चौकी ध्वस्त पारेको, २२ कब्जा गरेको तथा ३७ स्थानमा १६३ ट्याङ्क र बख्तरबन्द सवारी साधन नष्ट गरेको दाबी गरेको छ । सरकारी मिडियाले वायुसेनाले पूर्वी अफगानिस्तानका मुख्य सैन्य लक्ष्यहरूमा आक्रमण जारी राखेको जनाएको छ ।

यो कारबाही तेहरिक-ए-तालिबान पाकिस्तान (टिटिपी) का प्रशिक्षण शिविरहरू लक्षित गरी गरिएको आक्रमणपछि सुरु भएको परस्पर प्रतिआक्रमणको निरन्तरता हो । पाकिस्तानले टिटिपीलाई अफगान भूमिबाट सञ्चालन भइरहेको आरोप लगाउँदै आएको छ, जुन आरोप काबुलले अस्वीकार गर्दै आएको छ ।



अफगानिस्तानको रक्षा मन्त्रालयले भने मिरानशाह र स्पिन वाम क्षेत्रमा पाकिस्तानी सैन्य आधारहरूमा रातभर आक्रमण गरी भारी क्षति पुऱ्याएको जनाएको छ । अफगान प्रवक्ता जबिहुल्लाह मुजाहिदले ५५ पाकिस्तानी सैनिक मारिएको दाबी गर्दै पाकिस्तानको 'हरेक कदमको जवाफ दिइने' चेतावनी दिनुभएको छ । पाकिस्तानले आफ्ना १२ सैनिक मारिएको यसअघि जनाएको थियो ।पूर्वी अफगानिस्तानका अधिकारीहरूले पाकिस्तानी आक्रमणमा कम्तीमा ११ सर्वसाधारण मारिएको आरोप लगाएका छन् । पाकिस्तानले भने केवल सैन्य लक्ष्यमा प्रहार गरिएको र नागरिक हताहतबाट जोगिन प्रयास गरिएको दाबी गरेको छ ।

तनावका कारण तोरखाम सीमा क्षेत्रमा बसोबास गर्ने सयौँ परिवार विस्थापित भएका छन् । केही अफगान शरणार्थीहरू सीमा पार गर्न नसकी अलपत्र परेका छन् ।

## इस्टर बमकाण्ड :

# पूर्व गुप्तचर प्रमुख ९० दिन हिरासतमा

एएफपी

कोलम्बो ।सन् २०१९ को इस्टर बम विस्फोट प्रकरणमा महत्त्वपूर्ण मोड आएको छ । दुई सय ७९ जनाको ज्यान गएको र करिब ५०० जना घाइते भएको उक्त भीषण आक्रमणको अनुसन्धान अन्तर्गत श्रीलङ्काका पूर्व गुप्तचर प्रमुखलाई ९० दिनसम्म हिरासतमा राखेर सोधपुछ गर्न अनुमति दिइएको छ । यस कदमले लामो समयदेखि विवाद र प्रश्नले घेरिएको घटनाको अनुसन्धानलाई नयाँ दिशातर्फ मोड्ने सङ्केत गरेको छ ।

राष्ट्रपति अनुरा कुमार दिसानायकले आतङ्कवाद रोकथाम ऐन (पिटिए) अन्तर्गत सेवानिवृत्त सेनाका मेजर जनरल सुरेश सल्लेलाई प्रारम्भिक तीन दिनपछि थप ९० दिन हिरासतमा राख्न हिरासत आदेशमा हस्ताक्षर गर्नुभएको हो । प्रहरी प्रवक्ताका अनुसार उक्त आदेशमा राष्ट्रपतिले हिजो राति हस्ताक्षर गर्नुभएको थियो । पिटिएअनुसार प्रहरीले कुनै आरोप नलगाई तथा न्यायिक समीक्षा बिना नै संदिग्धलाई लामो समयसम्म हिरासतमा राख्न सक्ने प्रावधान छ र यस ऐनअन्तर्गत हिरासतमा राखिएका व्यक्तिलाई अदालतले जमानत दिन सक्दैन ।

आपराधिक अनुसन्धान विभागका अधिकारीहरूले बुधबार सल्लेलाई पक्राउ गरेका थिए । बम विस्फोटसम्बन्धी लामो समयदेखि चलिरहेको अनुसन्धानमा उहाँ हालसम्म पक्राउ परेका सबैभन्दा उच्च पदस्थ अधिकारी मानिनुभएको छ । अनुसन्धान टोलीले घटनापूर्व सुरक्षा संयन्त्रको भूमिका, खुफिया सूचना आदान-प्रदान तथा सम्भावित लापरबाहीबारे विस्तृत रूपमा सोधपुछ गर्ने तयारी गरेको जनाएको छ ।

अप्रिल २१, २०१९ मा नौ आत्मघाती बमवर्षकहरूले दुई रोमन क्याथोलिक चर्च, एक इभान्जेलिकल प्रोटेस्टेन्ट चर्च तथा तीन लक्जरी होटललाई लक्षित गरी समन्वित आक्रमण गरेका थिए । मारिनेहरूमा ४५ जना विदेशी नागरिक समेत रहेका थिए । उक्त आक्रमण श्रीलङ्काको पछिल्लो इतिहासकै सबैभन्दा रक्तपातपूर्ण घटनामध्ये एक मानिन्छ ।

यसैबीच, विपक्षी दलहरूले सल्लेको गिरफ्तारीलाई राजनीतिक प्रतिशोधको कदम भन्दै आलोचना गरेका छन् । उनीहरूले यसलाई राजनीतिक प्रतिशोधपूर्ण अभियानको संज्ञा दिँदै निष्पक्ष अनुसन्धानको माग गरेका छन् । तर पीडितका लागि न्यायको माग गर्दै अभियान चलाइरहेको श्रीलङ्काको क्याथोलिक चर्चले भने गिरफ्तारीको स्वागत गरेको छ । चर्चले राजनीतिक हस्तक्षेप बिना अनुसन्धान अघि बढाउनुपर्ने छ ।

**Government of Madhesh Province**

**Ministry of Physical Infrastructure Development**

**Infrastructure Development Directorate**

**Infrastructure Development Office, Dhanusha**

## Invitation for Bidders

**Date of second Publication: 2082/11/17(1st March ,2026)**

1. Infrastructure Development Office (IDO), Dhanusha,invites open competitive biddings (Electronics bid only) from Eligible Bidders for the following goods under NCB Procedure. Only eligible bidders should participate in this bidding:

| S.N. | Contract Number | Description of work | Type | Estimate Amount in NRs. (Exclusive PS &VAT) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IDO/Dhanusha/ Goods/NCB/ 01-082/83 | The Procurement of Supply and Delivery of Goods for the arrangement of Conference/Meeting Hall of Maithili Bikash Kosh, Janakpur Dham | Works | 48,29,502.19/- | 1,20,000/- | 120 days from deadline of bid submission | 3,000/- | |

2. Account Details :

| Employer's Bank Account for Purchasing Bid Document | Employer's Bank Account Details forBid Security Cash Deposit |
|---|---|
| RastriyaBanijya Bank Ltd | RastriyaBanijya Bank Ltd |
| **Office Code No:** -3370117022 | **Office Code No: -** 3370117022 |
| **Account no: -**1000100200010000 | **Account no: -** 1220100202030000 |

3. A complete set of Bidding document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.For detail information eligible bidders may visit the IDO,Janakpurdham, Dhanusha


4. All the rights to accept or reject the bids are reserved to IDO, Janakpurdham,Dhanusha without specifying any reasons if any.

**Office Chief**

# यसटकको चुनावमा पनि 'घुमाउने पुल'कै चर्चा

डुम्रे । मुग्लिङ-नारायणगढ सडकखण्डमा पर्ने घुमाउने पुल निर्माण सुरु भएको १२ वर्ष बित्यो । प्रत्येक निर्वाचनमा राजनीतिक दलको मुद्दा बन्ने यो घुमाउने पुल यसपाली पनि सबैको चासोको विषय बनेको छ ।

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ र चितवनको भरतपुर महानगरपालिका-२९ जोड्ने यो पुल अहिले निर्माणाधीन अवस्थामा छ । यही विषयलाई आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनका उम्मेदवारहरुले आफ्नो प्राथमिकतामा राखेका छन् । यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ केही दिन मात्रै बाँकी



छ । निर्वाचन नजिकिदै गर्दा मत आफ्नो पक्षमा पार्न तनहुँ क्षेत्र नं.१ प्रतिनिधिसभा सदस्य उम्मेदवारले प्राथमिकतामा राखेका हुन् ।

पुल निर्माण समयमै सम्पन्न नहुनुको मुख्य कारण फरक छ । दुई वर्षअघि दुवैतर्फ पिल्लर ठड्याइए पनि बाढीका कारण नदीको सतह बढ्दाका अवस्थामा समस्या हुने देखिएपछि सच्याउने उद्देश्यले डिजाइन परिवर्तनको प्रक्रिया अगाडि बढाइएको सडक डिभिजन कार्यालय दमौलीले जनाएको छ ।

सडक डिभिजन कार्यालय दमौलीका डिभिजन प्रमुख राजीव श्रेष्ठले पहिले मुग्लिङको जस्तै आर्क डिजाइनमा पुल बनाउने योजना रहे पनि आर्कको आधार बस्ने ठाउँमै बाढीले क्षति पुर्‍याएपछि डिजाइन परिवर्तन गर्नैपर्ने बाध्यता आएको बताउनुभयो ।

निर्माण कम्पनीले गत वैशाखमा नयाँ डिजाइनको प्रस्ताव पेस गरेको छ । जसमा अहिले बनिसकेका पिल्लरको उचाइ थप गरी स्टिलको संरचना वा स्ल्याप राख्ने गरी नयाँ नक्सा विभागमा अध्ययनको क्रममा रहेको श्रेष्ठले जानकारी दिनुभयो ।

पुल निर्माणमा भएको ढिलाइले लागत र समय दुवै बढाएको छ भने सुरुमा लागत वृद्धिको विषयमा सडक विभाग र निर्माण कम्पनीबीच समदारी नमिले पनि अन्ततः कम्पनीकै लगानीमा परिवर्तित डिजाइन पेस गरिएको उहाँले बताउनुभयो । "हालसम्म योजनाको भौतिक प्रगति मात्र ३६ प्रतिशत रहेको छ र विसं २०८३ असार मसान्तसम्म निर्माण सक्ने गरी पछिल्लो पटक म्याद थप गरिएको छ", उहाँले भन्नुभयो ।

दमौलीलाई चितवनसँग जोड्ने छोटो दूरीको वैकल्पिक मार्गका रूपमा लिइएको यस पुलको सम्झौता विसं २०७० असार २८ गते भएको थियो । सडक डिभिजन कार्यालय दमौलीका अनुसार विसं २०८० असोजमा आएको भीषण बाढीले सुरुको अनुमानभन्दा माथिको सतहलाई असर गरेपछि पुरानो 'आर्क' डिजाइनमा काम गर्न नसकिने देखिएको हो ।

चितवनको घुमाउनेबाट बुद्धसिंहमार्ग हुँदै दमौली पुग्न मुग्लिङ-आँबुखैरेनी सडकभन्दा २६ किलोमिटर दूरी छोटो पर्ने भएकाले नारायणगढबाट पोखरातर्फ जाने सवारीसाधनका लागि यो निकै छिटो र वैकल्पिक मार्ग मानिन्छ । १०५ मिटर लम्बाइ र ११ मिटर चौडाइ रहने यस पुल रु १० करोड २१ लाख ८६ हजार ५५१ को लागतमा मृत सञ्जीवनी कम्पनी मकवानपुरले ठेक्का पाएको छ ।

लामो समयदेखि पुल अलपत्र परेपछि स्थानीय अत्यन्तै आक्रोशित अवस्थामा छन् । बन्दीपुर गाउँपालिका-६ धरमपानी निवासी बिर्खमाया गुरुङले भन्नुभयो, "पुल नबन्दा यस क्षेत्रको आर्थिक र सामाजिक विकास ठप्प भएको छ ।" पुल निर्माण सम्पन्न नभएसम्म आगामी निर्वाचनमा कुनै पनि दललाई भोट नहाल्ने र मतदान नै बहिष्कार गर्ने सम्मको निर्णयमा स्थानीय पुगेका उहाँले बताउनुभयो ।

पहाडी क्षेत्रका बस्तीलाई सडक सञ्जालसँग जोड्ने यो महत्वपूर्ण कडी भए पनि प्राविधिक ढिलासुस्ती र प्राकृतिक अवरोधका कारण स्थानीयले लामो समयदेखि सास्ती भोगिरहनु परेको छ । पुल निर्माणको जिम्मा लिएपछि मात्रै प्रतिनिधिसभाको निर्वाचनमा मतदान गर्ने भएपछि अधिकांश उम्मेदवारले पहिलो प्राथमिकता दिएर अजेण्डा तय गरेर आमनागरिकसमक्ष पेस गरिरहेका छन् । रासस

# पोखरा एनसेल सेन्टर पुनःसञ्चालनमा



टुडे समाचारदाता

काठमाण्डु । एनसेलले पोखरामा आफ्नो एनसेल सेन्टर पुनः संचालनमा ल्याएको छ । सिर्जना चोक, पोखरामा रहेको सेन्टर जेनजी आन्दोलनका बेलामा तोडफोड पश्चात क्षतिपुगेपछि बन्द रहेको थियो।

बिहीबार एक कार्यक्रममाझ मर्मतसंभार पश्चात पुनःसञ्चालनमा ल्याईएको सेन्टरको उद्घाटन गरिएको छ। एनसेलकी ग्राहक सेवा प्रबन्धक ज्योति दाहाल र पोखरा नुडल्सका एचआर अफिसर यमप्रसाद गौतमले एनसेल सेन्टरको उद्घाटन गरेका हुन्। सेन्टरमा क्षति पुगेर बन्द भएपछि कम्पनीले अस्थायी रुपमा ग्राहक सेवाहरु एक तल्लामाथि रहेको कार्यलयबाट प्रदान गर्दै आएको थियो।

"पोखरा सेन्टर बन्द हुँदा ग्राहकवर्गमा पर्न गएको असुविधा प्रति हामी क्षमाप्रार्थी छौं। ग्राहकहरुलाई उच्चस्तरीय सेवा अनुभव प्रदान गर्दै निरन्तर सेवा प्रदान गर्नका लागि पोखरामा एनसेल सेन्टर पुनःसञ्चालनमा ल्याउन पाएकोमा खुसी छौं," दाहालले भनिन्। कम्पनीले आफ्ना ग्राहकलाई एकै स्थानबाट विभिन्न सेवा प्रदान गर्दै विश्वस्तरीय सेवा सुविधाको अनुभव प्रदान गर्ने उद्देश्यका साथ सेन्टर पुनःसञ्चालनमा ल्याएको हो।

यो सेन्टरबाट ग्राहकहरूले सबै ग्राहक सेवा प्राप्त गर्न सक्छन्। ग्राहकले एनसेलका सेवा तथा सुविधाहरुका बारेमा सोधपुछ गर्न, सिम खरिद गर्न, इन्टरनेट सेटिङ्गको जानकारी लगायत विभिन्न कर्पोरेट सेवाहरू समेत लिन सक्छन् । यसैगरी ग्राहकहरूले यस सेन्टरबाट आफ्नो सिम फोरजीमा अपग्रेड गर्ने, सिम तथा मोबाइल नम्बर परिवर्तन, सिम ईसिममा अपग्रेड गर्न, सीयुजी नम्बरहरूको आवश्यक फेरबदल गर्ने, अन्तर्राष्ट्रिय रोमिङ सुचारु गर्ने, बिल तिर्ने, ब्यालेन्स रिचार्ज र ट्रान्सफर गर्ने लगायतका ग्राहक सेवाहरू प्राप्त गर्न सक्छन्।

पोखरा एनसेल सेन्टरको पुनःसञ्चालनले ग्राहकहरूलाई स्थानीय रूपमा विश्वस्तरीय सेवाहरू प्रदान गर्न कम्पनी सधैं प्रतिबद्धता रहेको पुष्टि गर्दछ । ग्राहक सेवालाई अझ सहज र गुणस्तरीय बनाउन एनसेलले देशका विभिन्न भागमा ३१ वटा एनसेल सेन्टरहरू सञ्चालन गर्दै आएको छ।

# अरुण नदीको बेलीब्रिज भाँचियो


किमाथाङ्का । यहाँको मकालु गाउँपालिका-५ र २ जोड्ने बेलीब्रिज भाँचिएको छ । मकालु-५ को नुम र वडा नं २ सेदुवा जोड्ने अरुण नदीमा निर्माण गरिएको बेलीब्रिज भाँचिएको हो ।

शनिबार बिहान ९:०० बजे सिमेन्ट बोकेको लावेट ट्रक तार्ने क्रममा बेलीब्रिज भाँचिएको जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिनुभयो । ठूला सवारीसाधन तार्ने क्रममा पुल गाडीसहित भाँचिएको हो ।

बेलीब्रिज भाचिँदा नुम सेदुवा सडकखण्डको भित्री सडकमा प्रदेश-०३-००१ क २९२० नम्बर ट्रक अरुण नदीमा खसेको छ । ट्रक नदीमा खसेर दुर्घटनामा हुँदा सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका- ९ का ४० वर्षीय अर्जुन श्रेष्ठ गम्भीर घाइते भएको प्रहरी नायब उपरीक्षक मैनालीले बताउनुभयो ।

घाइते चालकको प्राथमिक स्वास्थ्य केन्द्र नुममा उपचारपश्चात् काठमाडौँ लैजाने तयारी भइरहेको छ । निर्माणाधीन कासुवा हाइड्रो पावर कम्पनीको निर्माण सामग्री लिएर गएको लोवेट ट्रक पुल भाँचिएपछि अरुण नदीमा खसेको हो । अरुण नदीको बेलीब्रिज भाँचिएपछि नुम-सेदुवा सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ भने आवतजावत ठप्प बनेको छ । रासस

# आचारसंहिता पालना गर्दै तोरन्ल पर्व मनाउने



मुस्ताङ । आइतबारदेखि मुस्ताङमा सुरु हुने थकालीहरुको सांस्कृतिक तोरन्ल पर्व निर्वाचन आचारसंहिता उल्लङ्घन नहुने गरी मर्यादित ढङ्गले मनाउन सहमति भएको छ । जिल्ला सुरक्षा समितिको पहलमा स्थानीय सरोकारवालासँग भएको बैठकमा तोरन्ल पर्वलाई निर्वाचन कार्यक्रममा असर नपुग्ने गरी मनाउन सहमति गरिएको हो ।

मुस्ताङमा थकाली समुदायहरुले तीन दिनसम्म सदियौँकालदेखि चल्दै आइरहेको तोरन्ल पर्व हर्षोल्लासका साथ मनाउने प्रचलन छ । मुस्ताङका पाँच स्थानीय तहमध्ये थकाली समुदायहरुको बसोबास रहेको घरपझोङ गाउँपालिका र थासाङ गाउँपालिकामा बर्सेनि तोरन्ल पर्व मनाउने प्रचलन छ ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्मुखमा थकालीहरुको महान् पर्व तोरन्ल चाडपर्व परेकाले यसलाई व्यवस्थित रुपमा मनाउन आग्रह गरिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिनुभयो । धर्म, संस्कृति, परम्परा र मौलिकता यस क्षेत्रको जातीय पहिचान भएको भए पनि सम्मुख आइरहेको निर्वाचन कार्यक्रमलाई असर पुग्ने हो कि भनेर आवश्यक सजगता अपनाइएको प्रजिअ शर्माको भनाइ छ ।

"धर्म, संस्कृति र मौलिक चाडपर्व नमनाउनु भन्ने कुरा पनि भएन, तर चाडपर्वका नाममा निर्वाचन आचारसंहिता उल्लङ्घन नहोस् भन्ने हाम्रो मान्यता हो", प्रजिअ शर्माले भन्नुभयो, "हामीले उहाँको सांस्कृतिक पर्वलाई सम्मान गर्दछौँ । पर्व मनाउने क्रममा निर्वाचन बिथोल्ने कुनै अराजक गतिविधि नहोस् भन्ने हाम्रो मान्यता हो ।"

थकालीहरुको तोरन्ल पर्वलाई मर्यादित रुपमा भव्य र सभ्य रुपमा अनौपचारिक ढङ्गले मनाउन थासाङ र घरपझोङ गाउँपालिका क्षेत्रका सरोकारवाला निकायहरुसँग भद्र सहमति भएको प्रजिअ शर्माले उल्लेख गर्नुभयो । प्रमुख जिल्ला अधिकारी शर्मासहित जिल्ला सुरक्षा समितिको टोलीले थासाङ र घरपझोङ गाउँपालिकाका जनप्रतिनिधि र स्थानीय गाउँ समाजसँग बैठक बसेर तोरन्ल पर्वलाई व्यवस्थित रुपमा मनाउन सहमति भएको हो । यसअघि निर्वाचनका कार्यक्रमलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, भयरहित शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न निर्वाचन आचारसंहिता पालना गर्नेलगायत विषयमा जिल्लास्थित राजनीतिक दल र दलका प्रतिनिधिबीच सहमति भएको थियो । उक्त बैठकमा निर्वाचनको मिति अगावै तोरन्ल पर्व परेकाले त्यसलाई व्यवस्थित गर्नेलगायत विषयमा छलफल भइसकेको प्रजिअ शर्माको भनाइ छ ।

वसन्त ऋतुको आगमनसँगै मनाइने थकाली समुदायहरुको महानपर्व तोरन्ल तीन दिनसम्म मनाइने गरिन्छ । यस पर्वलाई मुख्य रुपमा पितृ पुजा प्रतीकको रुपमा लिने गरिएको छ । आफ्ना दिवङ्गत पितृहरुको सम्झना गर्दै पितृहरुको आत्माशान्ति र उद्धारका लागि थकाली संस्कृति र परम्पराअनुसार धार्मिक क्रियाकलाप गरिन्छ ।रासस

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

धनुषा गा.वि.स. हंसपुर कठपुल्ला वडा नं. ७ हाल परिवर्तित हँसपुर न.पा. वडा नं. ३ मा बस्ने चल्हाई पण्डितको नाती सुवचन पण्डितको छोरा बेचन कुम्हार भन्ने बेचन पण्डितले मेरो बुवा सुवँस कुम्हार भन्ने सुवचन पण्डितको साविक लगत कायम रहेकोमा सर्वे नापी हुँदा जि.ध.गा.वि.स. हंसपुर कठपुल्ला वडा नं. ५ कि.नं. ३२५ क्षेत्रफल ०-६-१३ जग्गा मेरो नाउँमा नै नापनक्सा भई दर्ता गर्न छुट भएकोले मेरो नाममा छुट जग्गा दर्ता गरि पाउँ भनी द.नं. १२३५८ मिति २०८२/१०/०९ गतेको यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारबाही सम्बन्धमा हकदावी /सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/११/१३ को आदेशानुसार यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि. नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | हंसपुर कठपुल्ला | ५ | ३२५ | ०-६-१३ | ज.ध. महलः बाबु सुवंस कुम्हार मर्दा हक खाने छोरा बेचन कुम्हार, पं. हँसपुर कठपुल्ला वडा नं. ६ कैफियत महलमाः दा.खा. बाँकी |

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/११/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय सिन्धुलीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : के.आर. उड सप्लायर्स**<br>नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग<br>दर्ता नं. ३०२३/०७५/०७६, दर्ता मिति : २०७५/०७/१८, पान नं. ६०८७०८१९७, दर्ता मिति : २०७५/०७/१८<br>ठेगाना : सिन्धुली जिल्ला, हरिहरपुरगडी गा.पा. वडा नं. ३, **प्रोप्राइटर : कुल बहादुर भोलान** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : कुल बहादुर भोलन**<br>ना.प्र.नं. ४९४३८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६३/०३/१३<br>बाबुको नाम : पूर्ण बहादुर भोलन<br>बाजेको नाम : काले भोलन<br>ठेगाना : सिन्धुली जिल्ला, पिपलमाडी गा.वि.स. वडा नं. ७<br>हाल : सिन्धुली जिल्ला, हरिहरपुरगडी गा.पा. वडा नं. ३ |
| | **२. नाम : लाल बहादुर भोलन**<br>ना.प्र.नं. २०१०३३/२९, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६६/१०/०८<br>बाबुको नाम : पुर्ण बहादुर भोलन<br>बाजेको नाम : काले भोलन<br>ठेगाना : सिन्धुली जिल्ला, पिपलमाडी गा.वि.स. वडा नं. ७<br>हाल : सिन्धुली जिल्ला, हरिहरपुरगडी गा.पा. वडा नं. ३ |
| | **३. नाम : पूर्ण बहादुर भोलन**<br>ना.प्र.नं. ९९७९/११००५, जि.प्र.का. सिन्धुली, जारी मिति : २०४५/०१/०७<br>बाबुको नाम : काले भोलन, बाजेको नाम : मैत सिं<br>ठेगाना : सिन्धुली जिल्ला, पिपलमाडी गा.वि.स. वडा नं. ७, हाल : सिन्धुली जिल्ला, हरिहरपुरगडी गा.पा. वडा नं. ३ |
| | **धितोको विवरण** |
| | १. पूर्ण बहादुर भोलनको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, हरिहरपुरगडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ८ को क्षेत्रफल ०-१०-८-० तथा हरिहरपुरगडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता ५८ को क्षेत्रफल १-२-१५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. धनी ज्योति विकास बैंक लि. भई ऋणी के.आर. उड सप्लायर्सको नाममा यातायात व्यवस्थापन कार्यालय बागमतीमा दर्ता कायम रहेको बा.प्र-०१-२६ च ३१४९, च्यासिस नं. MDHFBADDOM9033435, इन्जिन नं. 017263C को Magnite सवारी साधन थान १ । |
| | **ऋणीको नाम, ठेगाना** |
| २. | **नाम : गणेश बाहादुर थापा**<br>ना.प्र.नं. २६४२, जि.प्र.का. सिन्धुली, जारी मिति : २०५१/११/१७<br>बाबुको नाम : भक्त बहादुर थापा, बाजेको नाम : बिर बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ६, हाल : सिन्धुली जिल्ला, गोलन्जोर गा.पा. वडा नं. ३ |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : रत्न कुमारी थापा क्षेत्री**<br>ना.प्र.नं. ४६१७/११५०, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४५/०१/१६<br>पतिको नाम : भक्त बहादुर थापा<br>ससुराको नाम : बिर बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ६<br>हाल : सिन्धुली जिल्ला, गोलन्जोर गा.पा. वडा नं. ३ |
| | **२. नाम : बाल कुमारी थापा**<br>ना.प्र.नं. १३६८/४९६७०, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६३/०४/१०<br>पतिको नाम : गणेश बाहादुर थापा<br>ससुराको नाम : भक्त बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ६<br>हाल : सिन्धुली जिल्ला, गोलन्जोर गा.पा. वडा नं. ३ |
| | **धितोको विवरण** |
| | रत्न कुमारी थापा क्षेत्रीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ५ घ स्थित कित्ता नं. ८१ र १० को क्षेत्रफल क्रमशः ३-४-१-३ र ९-३-२-० (रोपनी) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/११/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८२/१२/०१ गते/स्थान : सम्बन्धित शाखा कार्यालय**

**बोलपत्र खोलिने मिति/समय**
**२०८२/१२/०३ गते, मंगलबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : वीरगंज, पर्सा |
|---|---|
| | **ऋणीको नाम, ठेगाना** |
| १. | **नाम : पवन कुमार कुर्मी**<br>ना.प्र.नं. ०५२३२४२५, जि.प्र.का.पर्सा, जारी मिति : २०५६/०२/३०<br>बाबुको नाम : शंकर राउत कुर्मी, बाजेको नाम : जानकी राउत कुर्मी<br>ठेगाना : पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८ |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : वसकलिया कुर्मिन**<br>ना.प्र.नं. ०५२३०७४८, जि.प्र.का. पर्सा<br>जारी मिति : २०४३/१०/१६<br>पतिको नाम : शंकर राउत कुर्मी<br>ससुराको नाम : जानकी राउत कुर्मी<br>ठेगाना : पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८ |
| | **२. नाम : शंकर राउत कुर्मी**<br>ना.प्र.नं. ०५२३०७४७, जि.प्र.का. पर्सा<br>जारी मिति : २०३५/०५/२३,<br>बाबुको नाम :जानकी राउत कुर्मी<br>बाजेको नाम : जगदीश राउत कुर्मी<br>ठेगाना : पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८ |
| | **३. नाम : राजमती देवी**<br>ना.प्र.नं. ३४१००७/७४१, जि.प्र.का.पर्सा, जारी मिति : २०६८/०२/१२<br>पतिको नाम : पवन कुमार कुर्मी, ससुराको नाम : शंकर राउत कुर्मी<br>ठेगाना : पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८ |
| | **धितोको विवरण** |
| | शंकर राउत कुर्मीको नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८ स्थित कित्ता नं. ११९२ को क्षेत्रफल ०-०-१३-१० भएको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| क्र.सं. | **शाखा कार्यालय : जनकपुर, धनुषा** |
| | **ऋणीको नाम, ठेगाना** |
| १. | **नाम : साहिन हार्डवेयर**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/विभाग, जनकपुर<br>प्रा.फ.र.नं. १२०५८/६७९/२०७५/०७६, दर्ता मिति : २०७५/०६/२६, पान नं. ६०८६३४०६९, दर्ता मिति : २०७५/०६/२८<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७, जिरो माईल, **प्रोप्राईटर : मो. मैनुद्दीन** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : मो. मैनुद्दीन**<br>ना.प्र.नं. ०७८०७१/२६७१४८३९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/०२/१५,<br>बाबुको नाम : मो. समसुल हक<br>बाजेको नाम : बिरो मिया<br>ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९ |
| | **२. नाम : सबेदा खातुन**<br>ना.प्र.नं. ५५०/९५४२६७१२७६८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४५/०२/३१<br>पतिको नाम : मो. समसुल हक<br>ससुराको नाम :बिरो मिया<br>ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९ |
| | **३. नाम : मु. नेजामुद्दीन**<br>ना.प्र.नं. २६७१३५८८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५५/११/३०<br>बाबुको नाम : मो. समसुल हक, बाजेको नाम : बिरो मिया<br>ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९ |
| | **धितोको विवरण** |
| | सवेदा खातुनको नाममा मालपोत कार्यालय जलेश्वर महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ५ ख स्थित कि.नं. ९३२ र ९३३ को क्षेत्रफल क्रमशः ०-१-१५-० र ०-४-०-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : वीरगंज, पर्सा, फोन नं. ०५१-५२४८३६
जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# कांग्रेसका नेपाली प्रचार प्रसारमा व्यस्त



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि महोत्तरी क्षेत्र नम्बर ३ का उम्मेदवार बजरंग नेपाली घरदैलो कार्यक्रमको अन्तिम चरणमा पुगेको छ । उनले क्षेत्रका अधिकांश वडामा घरदैलो कार्यक्रम गरिसकेका छन् । शनिवार मनरासिस्वा ९ बथनाहामा होली मिलन समारोह कार्यक्रम सम्पन्न गरेको छ ।

घरदैलो अभियानका क्रममा उम्मेदवार यादवले स्थानीय मतदातासँग प्रत्यक्ष भेटघाट तथा संवाद गर्दै उनीहरूका समस्या, गुनासा र सुझाव सुनिरहेका छन् । थरुवाहीमा आयोजित कार्यक्रममा स्थानीयवासी तथा युवाहरूले फूलमाला र खादा लगाएर उनलाई स्वागत तथा सम्मान गरेका छन् ।

संवादका क्रममा स्थानीय सहभागीहरूले विगतमा निर्वाचनका समयमा मात्र आश्वासन दिइने तर विकास र रोजगारीका क्षेत्रमा अपेक्षित उपलब्धि नदेखिएको गुनासो व्यक्त गरेका थिए । उनले स्थानीयको गुनासो सुन्दै जनताको माग अब गगन नेतृत्वमा बन्ने सरकारबाट पुरा गरिने प्रतिबद्धता व्यक्त गर्दै नेपाली कांग्रेसलाई जिताउन आग्रह गरे ।

उम्मेदवार नेपालीले निर्वाचित भएपछि स्थानीय समस्यालाई प्राथमिकताका साथ समाधान गर्ने, उच्च शिक्षाका लागि गुणस्तरीय विद्यालय, सुविधा सम्पन्न अस्पताल पालिकाहरुमा, वर्षौंदेखि अडकेका मणिपाल कलेजको संचालन, जलेश्वरनाथ महादेव मन्दिरलाई पर्यटकीय रुपमा विस्तार र रोजगारीलाई केन्द्रमा राखी विकासका कार्यक्रम अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । यस क्षेत्रको समस्या संघीय संसदमा पुऱ्याई क्षेत्रको समग्र विकासका लागि प्रभावकारी भूमिका निर्वाह गर्ने उनले भने ।

घरदैलोको क्रममा उनले संचारकर्मीसँग कुरा गर्दै भने विकास निर्माण, रोजगारी सिर्जना, शिक्षा तथा स्वास्थ्य क्षेत्रको सुधारलाई प्राथमिकतामा राखेर जनता समक्ष गइरहेको छु । कांग्रेसको जनप्रतिनिधि यस क्षेत्रमा नभएकाले विकास हुन सकेको छैन ।

अब म निर्वाचित भएपछि यहाँको विकाससँगै अधिकारको कुरा समेत संसदमा जोडतोडका साथ उठाउनेछु ।

स्थानीयवासीका अनुसार महोत्तरी निर्वाचन क्षेत्र नम्बर-४ मा विभिन्न दलका उम्मेदवारबीचको प्रतिस्पर्धा दिन प्रतिदिन रोचक बन्दै गएको छ।

# भवन निर्माणमा चारजना भ्रष्टाचारी ठहर

**टुडे समाचारदाता**

लहान । सिरहको नवराजपुर गाउँपालिकाको प्रशासकीय भवन निर्माणसँग सम्बन्धित भ्रष्टाचार मुद्दामा गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत र अध्यक्षसहित चार जनालाई दोषी ठहर गरिएको छ । करिब नौ महिनाअघि दायर अभियोगमा विशेष अदालत ले आंशिक कसूर कायम हुने निर्णय सुनाएको हो ।

फैसला अनुसार तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैत, इञ्जिनियर कृष्णा साह, सब-इञ्जिनियर जयनारायण यादव तथा गाउँपालिकाका तत्कालीन अध्यक्ष विश्वमोहन प्रसाद यादव दोषी ठहर भएका छन् ।

करिब ३४ लाख ४० हजार रुपैयाँ बराबरको अनियमिततासम्बन्धी मुद्दामा दोषी ठहरिएका चारै जनाको सजाय निर्धारणका लागि २६ फागुनको मिति तय गरिएको अदालतले जनाएको छ। मुद्दा सदस्यद्धय नारायणप्रसाद पौडेल र विदुर कोइरालाको इजलासले टुंग्याएको हो।




संक्षिप्त आदेशअनुसार अध्यक्ष यादवलाई तीन महिना कैद, १० हजार रुपैयाँ जरिवाना तथा ४ सय रुपैयाँ पीडित राहत कोषमा जम्मा गर्ने सजाय सुनाइएको छ। अन्य तीन प्रतिवादीको सजाय निर्धारण भने आगामी सुनुवाइमा गरिनेछ ।

अदालतको निष्कर्षअनुसार गाउँपालिकाको कार्यपालिका बैठकले २०७६ फागुन १ गते उपभोक्ता समितिमार्फत भवन निर्माण गर्ने निर्णय गरेको थियो। सो निर्णयपछि निर्माण प्रक्रिया त्रुटिपूर्ण ढंगले अघि बढाइएको तथा त्यसलाई औचित्यपूर्ण देखाउन गलत अनुगमन प्रतिवेदनसमेत तयार गरिएकोमा अध्यक्ष यादवको प्रत्यक्ष संलग्नता रहेको ठहर गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानबाट भवन निर्माणको कुल लागत अनुमान करिब ६ करोड १८ लाख रुपैयाँ भए पनि त्यसलाई खण्डीकरण गरी उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिएको पाइएको थियो। स्रोत सुनिश्चितता तथा वार्षिक योजना स्वीकृत नगरी डिपिआर विभाजन गरेर ३७ लाख ७५ हजार रुपैयाँभन्दा बढीको लागत अनुमान तयार गरिएको उल्लेख छ ।

२०७७ जेठ ३२ गते सम्झौता भई २०७७ असार १५ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि स्थलगत परीक्षणमा संरचना त्रुटिपूर्ण भेटिएको र भवन उपयोगविहीन बनेको प्रतिवेदनमा उल्लेख छ । मुद्दामा उपभोक्ता समितिका पदाधिकारी रामचन्द्र यादव, कोशिला देवी यादव र दीपेन्द्रकुमार यादवलाई भने सफाइ दिइएको छ ।

कागजात र सम्झौताअनुसारकै काम गरेको देखिएकाले उनीहरूलाई दोषी नठहराइएको अदालतले जनाएको छ। साथै अनुगमनमा संलग्न शोभाकुमारी, रमेशकुमार निधी, सञ्जय प्रसाद यादव, मदन यादव र मनोजकुमार यादव तथा लेखापाल सोमप्रसाद आचार्यलाई पनि बदनियत पुष्टि नहुने आधारमा सफाइ दिइएको छ ।

आयोगले गत जेठ १३ गते १३ जनालाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो । लागत अनुमान तथा नापी किताबसम्बन्धी कागजात प्राविधिक कर्मचारीद्वारा तयार भई स्वीकृत गरिएको, सम्झौता तथा भुक्तानी प्रक्रियामा प्रमुख प्रशासकीय अधिकृतको संलग्नता रहेको तथा बोलपत्र प्रक्रियामा नगई उपभोक्ता समितिमार्फत निर्माण गराउने निर्णय गरिएको अनुसन्धानमा देखिएको छ ।

# मतदान स्थलहरुको निरिक्षण सम्पन्न

**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला सुरक्षा समिति पर्साले जिल्लाका १६५ मतदानस्थलको अनुगमन तथा निरीक्षणको काम सम्पन्न गरेको छ । जिल्लामा कुल १६७ मतदानस्थल रहेकामा अब दुई मतदानस्थलको मात्र निरीक्षण गर्न बाँकी रहेको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालसहित जिल्लाका चारवटै सुरक्षा निकाय र जिल्ला निर्वाचन कार्यालय पर्साले संयुक्त रूपमा मतदानस्थलको अनुगमन तथा निरीक्षण गर्दै आएका छन् । प्रजिअ दाहालले निरीक्षणका क्रममा आवश्यक शान्ति तथा सुरक्षाको रणनीति तयार पारिएको जानकारी दिए ।

"हामीले अहिलेसम्म १६५ मतदानस्थलको अनुगमन र निरीक्षण गरिसकेका छौँ, बाँकी रहेका दुई मतदानस्थलको पनि छिट्टै अनुगमन गर्नेछौँ," उनले भने । भयरहित र शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्न सबै निकायले समन्वय गरेर अघि बढ्नुपर्नेमा उनले जोड दिए ।

आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तोकिएका मतदानस्थलमध्ये ६२ मतदानस्थललाई अतिसंवेदनशील, ८५ लाई संवेदनशील र २० लाई कम संवेदनशील सूचीमा राखिएको छ । क्षेत्र नम्बर-१ मा ३४, क्षेत्र नम्बर-२ मा ३८, क्षेत्र नम्बर-३ मा ४७ र क्षेत्र नम्बर-४ मा ४८ मतदानस्थल रहेका छन् । जिल्लाभर ४४१ मतदान केन्द्र तथा दुई अस्थायी मतदान केन्द्र तोकिएका छन् ।

चारवटा निर्वाचन क्षेत्र रहेको पर्सामा क्षेत्र नम्बर-१ मा १०३, क्षेत्र नम्बर-२ मा ११० तथा क्षेत्र नम्बर-३ र ४ मा समान ११४-११४ मतदान केन्द्र निर्धारण गरिएको छ । पर्सा जिल्लामा कुल मतदाता स$\tau$्या तीन लाख ७६ हजार ५१३ रहेको छ ।

तीमध्ये एक लाख ६४ हजार ४२१ महिला, दुई लाख १२ हजार ७७ पुरुष तथा १५ जना यौनिक तथा लैङ्गिक अल्पस$\tau$्यक समुदायका मतदाता रहेका छन् ।

# सप्तरीको सबै मतदानस्थलमा सेनाको गस्ती



**टुडे समाचारदाता**

राजविराज । प्रतिनिधिसभा निर्वाचन २०८२ लाई लक्षित गर्दै नेपाली सेना अन्तर्गत राजविराजस्थित बरख गणले सप्तरीका २९६ वटै मतदान स्थलमा एकैसाथ सुरक्षा गस्ती तथा निगरानी अभ्यास तीव्र पारेका छन् ।

बरख गणका गणपति प्रमुख सेनानी सोवितबहादुर चन्दका अनुसार फागुन २१ गते हुने निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले जिल्लाभर पैदल, सवारी, मोटरसाइकल तथा बख्तरबन्दसहित समन्वित सुरक्षा अभ्यास सञ्चालन गरिएको हो ।

उनका अनुसार अघिल्ला निर्वाचनका अनुभव, सम्भावित जोखिमको मूल्याङ्कन तथा संवेदनशील क्षेत्रको विश्लेषणका आधारमा विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको छ । संवेदनशील तथा अतिसंवेदनशील मतदान स्थलमा अतिरिक्त सुरक्षाकर्मी परिचालन, नियमित गस्ती, आकस्मिक जाँच तथा निगरानी व्यवस्था कडा पारिएको उनले बताए ।

मतदान स्थल वरपर २४ औं घण्टा सुरक्षा निगरानी रहने व्यवस्थासँगै कुनै पनि अवाञ्छित वा अराजक गतिविधि हुन नदिन उच्च सतर्कता अपनाइएको जानकारी दिँदै उनले सुरक्षाकर्मीहरू निर्वाचन आचारसंहिताभित्र रही आवश्यक सहयोग र समन्वयमा खटिने स्पष्ट पारे ।

निर्वाचन प्रक्रियामा अवरोध पुऱ्याउन सक्ने व्यक्ति वा समूहको गतिविधिमाथि निगरानी बढाउन अत्याधुनिक प्रविधिको प्रयोग गरिएको उनले जानकारी दिएका छन् । साथै, गस्ती तथा फ्ल्याग मार्चमार्फत सम्भावित जोखिमयुक्त स्थान र भाग्ने सकिने बाटोहरूको पहिचान गरिएको उनले स्थानीय बासिन्दासँग सहकार्य गरी सैनिक नागरिक सम्बन्ध सुदृढ बनाउँदै शङ्कास्पद गतिविधिमा संलग्न जोकोहीलाई प्रचलित कानुनको दायरामा ल्याइने रणनीति अवलम्बन गरिएको बताएका छन् ।

सप्तरी जिल्लाभर सयौँ मतदान केन्द्रमार्फत हजारौँ मतदाताले मतदान गर्ने अपेक्षा गरिएको नेपाली सेनाले व्यापक सुरक्षा व्यवस्थासँगै यसपटकको निर्वाचन थप व्यवस्थित, सुरक्षित र विश्वसनीय रूपमा सम्पन्न हुने विश्वास स्थानीयको रहेको छ ।

# बीबीसीको डकुमेन्ट्री प्रसारण गर्ने गाडीसहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । बीबीसीद्वारा तयार पारिएको 'जेनजी आन्दोलन' सम्बन्धी डकुमेन्ट्री जनकपुरधाममा प्रदर्शन गरिरहेका एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय धनुषा जिल्लाका अनुसार भारतीय नम्बर प्लेटको सवारीसाधन प्रयोग गरी सार्वजनिक स्थानमा उक्त सामग्री प्रसारण भइरहेको अवस्थामा कारबाही गरिएको हो ।

प्रहरी प्रवक्ता डीएसपी गणेश बमका अनुसार बी.आर ०१ जी ०१४६७ नम्बरको गाडीमा प्रोजेक्टर जडान गरी जनकपुरधामस्थित रेल्वे स्टेशन अगाडि डकुमेन्ट्री देखाइँदै थियो । सोही क्रममा गाडीमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यकर्ता विकास जयसवाललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।



प्रहरीका अनुसार निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा विदेशी नम्बर प्लेटको गाडी प्रयोग गरी संवेदनशील विषयवस्तु सार्वजनिक रूपमा प्रदर्शन गर्नु नियमविपरीत हुन सक्ने देखिएकाले नियन्त्रणमा लिइएको हो ।

साथै, यस्तै प्रकृतिका थप दुईवटा गाडी प्रयोगमा रहेको सूचना प्राप्त भए पनि ती सवारीसाधन हाल फेला नपरेको प्रहरीले जनाएको छ ।

डीएसपी बमले चुनाव नजिकिँदै गरेको अवस्थामा यस्ता गतिविधिले मतदातामा नकारात्मक असर पार्न सक्ने तथा सामाजिक सद्भावमा प्रभाव पर्न सक्ने गुनासो आएपछि प्रहरी टोलीले खोजी तीव्र पारेको र स्टेशन क्षेत्रमा गाडी फेला पारेको जानकारी दिए । प्रहरीले घटनाबारे थप अनुसन्धान जारी राखेको जनाएको छ ।

# परिक्रममा आज औरहीमा

**टुडे समाचारदाता**

जनकपुरभाम । फागुन ४ गतेदेखि जारी १५ दिने मिथिला मध्यमा परिक्रमाका यात्रीहरु शनिवार करुणा पुगेका छन् आइतवार बिसौल पुग्ने ।

शुक्रवार औरही विश्राम गर्दै शनिवार करुणा पुगेको थियो । विशौलमा तिर्थालुहरु कमला नदीमा स्नान गरी त्यहाँस्थित ऋषि विश्वामित्रको मन्दिर दर्शन तथा पूजापाठ गर्नेछ । विसौल सम्पन्न पश्चात सोमवार परिक्रमा टोली जनकपुरधाम आइपुग्नेछ र मंगलवार अन्तरगृह परिक्रमा घुमेर सम्पन्न हुनेछ ।

फागुनको औँशीदेखि पूर्णिमासम्म चल्ने माध्यमिकी परिक्रमामा धनुषा, महोत्तरी र भारत बिहार प्रान्तको सीमावर्ती क्षेत्र अवस्थित धार्मिक ऐतिहासिक र सांस्कृतिक स्थलहरुको १३३ किलोमीटर दूरीको साधुसन्त लगायत भक्तजनले पैदल यात्रा गर्ने गर्दछन् ।



बृहत्, मध्य र अन्तरगृह गरि ३ प्रकारको परिक्रमा गर्ने चलन छ । तर विभिन्न समस्याका कारण वर्तमान समयमा मध्य परिक्रमामा रुचि राख्नेहरुको संख्या अहिले पनि उल्लेख्य नै छ । डोलाको पछि-पछि परम्परागत बाजागाजा, झाँकी किर्तन सहित मौलिक पहिरनमा लाखौं नर-नारीहरु सहभागी हुने गर्छन । लावा लस्कर सहित मिथिलाको चारै स्थानका धार्मिक स्थलहरुको परिक्रमा गर्ने परम्परा छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा छ ।

१५ दिने माध्यमिकी परिक्रमलाई नै मध्यमा परिक्रमा भनिन्छ । १५ दिने परिक्रमामाजनकपुरधामकोहनुमानगढीबाट कल्याणेश्वर हुँदै फुलहर, मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कन्चनवन, क्षीरेश्वरनाथ (पर्वता), धनुषाधाम, सतोषर (मिथिलेश्वरनाथ), औरही, करुणा, बिसौल, कल्याणेश्वर पुगेर फागुन पूर्णिमाको दिन जनकपुरधाम फर्किन्छ र जनकपुरधामको पाँच कोशे अन्तर्गृह परिक्रमा गरि समाप्त हुन्छ ।

१५ दिने परिक्रमाले जनकपुरधामलाई धार्मिक पर्यटकस्थलको रुपमा प्रसिद्धि दिलाउने गर्दछ । माध्यमिकी परिक्रमामा यात्रा नेपालको धनुषा र महोत्तरीमा १३ तथा भारतमा २ गरी १५ विश्रामस्थल छन् । मिथिला महात्मयमा विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्वबारे बेग्लाबेग्लै चर्चा गरिएको छ ।

मिथिला महात्म्य अनुसार १८ औं शताब्दीदेखि धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाको रुपमा मनाइदैं आएको छ । यस यात्रामा सहभागी हुने श्रद्धालु भक्तजनले नेपालको १ सय ७ तथा भारतको २६ गरी १ सय ३३ किलोमिटर भूमिमा पैदलयात्रा गर्नुपर्छ । परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभंगा, सितामढी, बैजनाथधामका साधुहरु उल्लेख्य रुपमा सहभागी हुने गर्छन् भने नेपालका विभिन्न स्थलबाट पनि साधुसन्त सहभागी हुने गर्दछन् ।

# कांग्रेसका सबै नेताको सम्पति शुद्धिकरण गरिने : थापा

**टुडे समाचारदाता**

मलंगवा । नेपाली कांग्रेसका सभापति एवं सर्लाही क्षेत्र नम्बर ४ का उम्मेदवार गगन थापाले प्रतिनिधिसभा सदस्य निर्वाचनपछि कांग्रेस नेतृत्वको सरकार बनेमा पार्टी नेताबाट सम्पत्ति शुद्धीकरण सुरु गर्ने प्रतिबद्धता जनाएका छन् ।

सर्लाहीको ईश्वरपुर नगरपालिका-६ स्थित बयलबास बजारमा शनिवार पार्टीले आयोजना गरेको सभालाई सम्बोधन गर्दै उनले २०४६ सालपछि नेता बनेका सबैको सम्पत्ति शुद्धीकरण गर्ने बताए । निर्वाचनपछि सुरुमा एउटा अधिकार सम्पन्न र सशक्त आयोग तयार गरेर सबैको सम्पत्ति शुद्धीकरण गर्ने उनको भनाइ छ ।

सम्पत्ति शुद्धीकरणको रोलक्रममा आफू आग्रस्थानमा रहेकाले आफ्नो पनि सम्पत्ति शुद्धीकरण गर्ने जनाउँदै सभापति थापाले भष्टाचार निवारण गर्छु भनेर मात्र नहुने धारणा राखे । 'म प्रधानमन्त्री भएपछि मेरो पहिलो एजेन्डा भनेको देशमा विद्यमान भ्रष्टाचार अन्त्य गर्ने हो । त्यसका लागि पार्टीका पूर्व तथा वर्तमान नेताहरूको सम्पत्ति शुद्धीकरणबाट सुरु हुन्छ । सुरुमा शक्तिशाली आयोग बन्छ, पार्टीका पूर्वसभापति, पार्टीबाट मन्त्री तथा प्रधानमन्त्री भएका सबैको सम्पत्ति शुद्धीकरण गरिने छ,' उनले भने ।



सभापति थापाले देश बनाउने 'एजेण्डा' बोकेर हिँडेका दल कुनै नयाँ र पुरानो नहुने धारणा राख्दै यसतर्फ आममतदान सचेत भएर मताधिकार प्रयोग गर्न आग्रह गरे । उनले मतदातालाई संयमित भएर मुलुक, जनता र समाजको हितमा काम गर्नेलाई मत दिने निर्णय गर्न सबैलाई आग्रह गरे । चुनावको समयमा विभिन्न भ्रामक सूचना र अफवाह फैलिएकाले मतदाताको घरघरमा पुगेर सत्य, तथ्य उजागर गरेर सहयोग गर्न पार्टी नेता, शुभेच्छुलाई चिर्न सभापति थापाले निर्देशन दिए । उनले मधेसको शिक्षा र स्वास्थ्य क्षेत्रको अवस्थाप्रति समेत चिन्ता व्यक्त गरे । मधेस प्रदेशमा सर्लाही र रौतहटको शिक्षा र स्वास्थ्य क्षेत्र निकै कमजोर रहेको भन्दै आफूले यसलाई गम्भीर रूपमा लिएको उनको भनाइ थियो ।

आफू सर्लाहीको निर्वाचन क्षेत्र नं ४ बाट उम्मेदवार भएकाले यहाँको मात्र विकास हुने हो कि भनेर चिन्ता गर्न नपर्ने भन्दै मुलुक विकास र सुशासन आफ्नो पहिलो प्राथमिकतामा पर्ने सभापति थापाले प्रतिबद्धता जनाए ।

# रौतहटमा ६५ जनाले मात्र बैंक खाता खोले

**टुडे समाचारदाता**

रौतहट । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रौतहटका चारवटै निर्वाचन क्षेत्रका हालसम्म ६५ जना उम्मेदवारले मात्र निर्वाचन प्रयोजनका लागि बैंक खाता खालेको छ ।

जिल्ला निर्वाचन कार्यालय रौतहटका अनुसार जिल्लामा कुल १४२ जना उम्मेदवारमध्ये ६५ जनाले निर्वाचन प्रयोजनका लागि बैंक खाता खोल्न सिफारिस लिएका छन् भने बाँकी ७७ जनाले हालसम्म खाता खोल्ने प्रक्रिया अघि बढाएका छैनन् ।

निर्वाचन सम्पन्न हुन पाँच दिन बाँकी रहँदासम्म पनि धेरै उम्मेदवारले खाता सञ्चालनका लागि प्रक्रिया अघि नबढाउनु उपयुक्त नभएको जिल्ला निर्वाचन अधिकारी छोटेलाल दासले बताउनुभयो। उहाँका अनुसार निर्वाचन खर्च पारदर्शी बनाउन अनिवार्य गरिएको बैंक खाता खोल्ने प्रक्रियामा अपेक्षाकृत कम उम्मेदवार सक्रिय देखिएका छन् ।

कार्यालयको अभिलेख अनुसार क्षेत्र नं. १ मा दलगत १२ र स्वतन्त्र १२ गरी २४ जनाले सिफारिस लिएका छन्। क्षेत्र नं. २ मा दलगत नौ र स्वतन्त्र छ गरी १५ जनाले सिफारिस लिएका छन् ।

त्यसैगरी क्षेत्र नं. ३ मा दलगत १० र स्वतन्त्र एक गरी ११ जनाले सिफारिस लिएका छन् भने क्षेत्र नं. ४ मा दलगत १३ र स्वतन्त्र दुई गरी १५ जनाले मात्र सिफारिस लिएका छन् ।

निर्वाचन आयोगको निर्देशिका अनुसार उम्मेदवारले निर्वाचनसम्बन्धी सम्पूर्ण आय-व्यय बैंक खातामार्फत सञ्चालन गर्नुपर्ने व्यवस्था छ ।

निर्वाचन नजिकिँदै जाँदा पनि ७७ उम्मेदवारले खाता नखोलेकाले खर्च व्यवस्थापन तथा प्रतिवेदन प्रक्रियामा समस्या आउन सक्ने भन्दै कार्यालय प्रमुख दासले समयमै प्रक्रिया पूरा गर्न सम्बन्धित उम्मेदवारलाई आग्रह गरेको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८